जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक १४७ • २०८० साल आश्विन २७ गते शनिबार (14 October, Saturday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## कोशीमा आज नयाँ सरकार

# प्रदेश प्रमुखले सनाखत गराउने कांग्रेस विद्रोही अडानमा

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेश सरकारमा दुई जना सांसदले दाबी गरेपछि प्रदेश प्रमुख परशुराम खापुंगले शनिबार सभासदको सनाखत गराउने भएका छन् ।

कोशी प्रदेशको मुख्यमन्त्री नियुक्तिका लागि शनिबार बिहान ८ बजेदेखि २ बजेसम्म परिचय खुल्ने प्रमाणसहित उपस्थित हुन प्रदेशसभा सदस्यलाई प्रदेश प्रमुखको कार्यालयले आह्वान गरेको छ ।

मुख्यमन्त्री पदका लागि बिहीबार नेपाली कांग्रेसका तर्फबाट निर्वाचित प्रदेशसभा सदस्य केदार कार्की र नेकपा माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले ४७/४७ जना प्रदेशसभा सदस्यको हस्ताक्षरसहित दाबी पेश गरेका थिए ।

प्रदेश प्रमुख खापुंगले मुख्यमन्त्री पदका लागि असोज २० गते गरेको आह्वानमा दुई सदस्यले दाबी पेश गर्दा कांग्रेसका ८ प्रदेशसभा सदस्यको हस्ताक्षर दोहोरिएपछि शनिबार परिचय खुल्ने प्रमाणसहित उपस्थित हुन शुक्रबार विज्ञप्तिमार्फत आह्वान गरेका छन् ।

मुख्यमन्त्रीमा दाबी गरेका कांग्रेसका विद्रोही केदार कार्कीले शुक्रबार एमालेका ३९ र कांग्रेसका ८ सहित ४७ जना सभासद सहित प्रदेश प्रमुखलाई मुख्यमन्त्री नियुक्त गर्न दबाब दिएका थिए ।

४७ जना नै प्रदेश प्रमुखको कार्यालयमा सशरीर उपस्थित भएर बहुमतको दाबी गर्दै मुख्यमन्त्री नियुक्त गर्न आग्रह गर्दा प्रदेश प्रमुख खापुंगले शनिबार हस्ताक्षर सनाखत गराएर नियुक्ती गरिने बताएर एक दिन लम्बयाएका छन् ।

माओवादी संसदीय दलका नेता इन्द्र आङ्बो र नेपाली कांग्रेसका प्रदेशसभा सदस्य केदार कार्कीले मुख्यमन्त्रीमा दाबी पेश गरेका छन् । आङ्बाले माओवादी, कांग्रेस, नेकपा एस र जनता समाजवादी पार्टी(जसपा) सहित ४ दलका सभासदको समर्थन पेश गरेका छन् । तर कार्कीले कांग्रेसका ८ र एमालेका ३९ प्रदेशसभा सदस्यको हस्ताक्षर बुझाएका छन् ।

मुख्यमन्त्रीमा दाबी पेश गर्ने समय सकिएको छ । आङ्बाले पेश गरेको दाबीमा कांग्रेसका विद्रोही कार्कीसहित ८ जनाको समेत हस्ताक्षर रहेको छ । कार्की पक्षले आङ्बाले हस्ताक्षर दुरुपयोग गरेको आरोप लगाउँदै एमाले सहितको बहुमत सभासदको नेतालाई मुख्यमन्त्री नियुक्त गर्न माग कार्कीले गरेका छन् । कार्कीलाई समर्थन गरेका ४७ प्रदेश सांसद प्रदेश प्रमुख कहाँ पुगेका थिए ।



प्रदेश प्रमुख परशुराम खापुंगले मुख्यमन्त्रीमा दाबी पेश गरेका कार्की र समर्थन गरेको दल एमाले दलका नेता हिक्मत कार्कीलाई भेटेर शनिबार हस्ताक्षर सनाखत गर्ने बताएका छन् ।

नेपाली कांग्रेसले केदार कार्कीलाई मुख्यमन्त्रीमा गरेको दाबी फिर्ता लिन अनेक प्रकारले दबाब दिइरहेको छ । तर उनी शुक्रबार अबेर रातिसम्म अडानमा कायमै छन् ।

एमाले नेता हिक्मत कार्कीले विश्वासको मत नपाउने भएपछि मुख्यमन्त्रीबाट राजीनामा गरेका थिए । उनी सर्वोच्च अदालतको परमादेशबाट मुख्यमन्त्री नियुक्त भएका थिए । कार्कीले राजीनामा गरेपछि प्रदेश प्रमुख खापुंगले संविधानको धारा १६८ को उपधारा ५ अनुसार शनिबार ५ बजेसम्मको समय दिएर मुख्यमन्त्रीको दाबी पेश गर्न समय दिएका थिए ।

कांग्रेसका वरिष्ठ नेता डा.शेखर कोइरालाको समर्थन प्राप्त कार्की समूहलाई प्रदेश कांग्रेस समितिले पनि दाबी फिर्ता लिन आग्रह गरेको थियो । डा.कोइरालाले कांग्रेसका सबै सभासदलाई कार्कीको पक्षमा उभिन आग्रह गरेका छन् ।

प्रदेश प्रमुख आङ्बाले कांग्रेसका सभासदहरुमाथि प्रभावकारी दबाब बनाउन वातावरण निर्माण गर्न लागेको आरोप लगाएका छन् । प्रदेश प्रमुख जसपाबाट नियुक्त भएका हुन् । ४ दलीय सत्ता गठबन्धनले माओवादीका आङ्बालाई मुख्यमन्त्रीमा अगाडि सारेको छ । तर प्रदेशमा कांग्रेस भित्र भएको विद्रोहले कार्की मुख्यमन्त्रीको कुर्सी नजिक पुगिसकेका छन् ।

कार्कीलाई दाबी फिर्ता लिन दबाबका लागि बोलाइएको कार्य सम्पादन समितिको बैठक निष्कर्षमा पुग्न सकेन् । बैठकमा वरिष्ठ नेता डा.कोइराला अनुपस्थित भएपछि निर्णय हुन नसकेको सहभागी एकजना नेताले बताए ।

कांग्रेसले विद्रोही सभासदलाई कारबाही गरे प्रदेशमा मध्यावधि चुनावको विकल्प हुने छैन् । अहिलेको अवस्थामा एमाले पनि त्यही चाहेको राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) नेताहरुको बुझाइ छ । राप्रपा निर्णायक भए पनि वर्तमान अवस्थामा भूमिकाविहीन भएको छ ।

शनिबारसम्म कांग्रेसका विद्रोहीहरु अडानमा कायम रहन सके मुख्यमन्त्रीमा कार्की नै पक्का नियुक्त हुनेछ । एमालेको समर्थन प्राप्त कार्की सरकारलाई राप्रपाले पनि समर्थन गर्ने बलियो सम्भावना छ । कांग्रेसमा कार्कीले विद्रोह नगरेको भए राप्रपाले आङ्बा नेतृत्वको सरकारलाई समर्थन गर्ने शीर्ष तहमा कुरा मिलेको स्रोतले जनाएका छन् ।

> शनिबारसम्म कांग्रेसका विद्रोहीहरु अडानमा कायम रहन सके मुख्यमन्त्रीमा कार्की नै पक्का नियुक्त हुनेछ । एमालेको समर्थन प्राप्त कार्की सरकारलाई राप्रपाले पनि समर्थन गर्ने बलियो सम्भावना छ । कांग्रेसमा कार्कीले विद्रोह नगरेको भए राप्रपाले आङ्बा नेतृत्वको सरकारलाई समर्थन गर्ने शीर्ष तहमा कुरा मिलेको स्रोतले जनाएका छन् ।

स्रोतका अनुसार आङ्बा नेतृत्वको सरकारलाई राप्रपाले समर्थन गर्दै सरकारमा समेत सहभागी हुने प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र राप्रपा अध्यक्ष राजेन्द्र लिंगदेनबीच सहमति भएको थियो ।

कोशी प्रदेशको सत्ता समीकरण बिग्रिएसँगै कांग्रेसका नेताहरुले संघीय सरकारको नेतृत्व फेरिनु पर्ने दबाब बनाउन थालेका छन् । पार्टीका महामन्त्री गगन थापा, कृष्णप्रसाद सिटौला, डा.शेखर कोइराला लगायतले सरकारको अनुहार परिवर्तन नहुँदा नागरिकमा असन्तुष्टि देखिएको आरोप लगाएका छन् ।

# एमाले मधेश प्रदेशमा सर्वसम्मत नेतृत्व चयन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेको मधेश प्रदेशमा सर्वसम्मतबाट नेतृत्व चयन भएको छ । बिहीबार रातिसम्म चुनाव हुने निश्चित रहेको मधेश प्रदेशमा अध्यक्ष केपी शर्मा ओलीले सर्वसम्मतबाट नेतृत्व छान्न निर्देशन दिएपछि नेताहरुले सहमति गरेका छन् ।

मधेश प्रदेशको अध्यक्षमा सिरहा जिल्लाका एमाले अध्यक्ष चन्देश्वर मण्डल सर्वसम्मतबाट चयन भएका छन् । मण्डल एमालेका प्रभावशाली नेता लिलानाथ श्रेष्ठका निकट सहयोगी मानिन्छन् ।



त्यसैगरि उपाध्यक्षमा पर्सा जिल्लाका बिचारी यादव सर्वसम्मत भएका छन् । उनी एमाले सचिव रघुबीर महासेठका सहयोगी हुन् ।

सचिवमा बारा जिल्लाका मनोज पौडेल पनि सर्वसम्मत भएका छन् । उनी बारा जिल्लाका पोलिटब्यूरो सदस्य पुरुषोत्तम पौडेल निकटका हुन् । निवर्तमान सचिव पनि बारा जिल्लाका नै थिए । उनको बिहीबार मृत्यु भएको छ ।

उपसचिवमा चयन भएकी रौतहटकी आरती भण्डारी युवा नेता सरोज यादव निकट हुन् । त्यसैगरि अर्का उपसचिव धनुषाका मोहम्मद कैश नेता महासेठ निकटका हुन् ।

कुल २ सय ३५ सदस्यीय मधेश प्रदेश समितिमा सिरहाबाट २८ जना र सप्तरीबाट २४ जना सदस्य सर्वसम्मतबाट चयन भइसकेका छन् । समिति गठन भएपछि १० प्रतिशत सदस्य मनोनित हुनेछन् ।

धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा सर्वसम्मतिको प्रयास जारी रहेको छ । अबेर रातिसम्म सबै जिल्लामा सर्वसम्मतिबाट सदस्य चयन हुने नेताहरुले बताएका छन् ।






# काँग्रेसलाई एकताबद्ध बनाएर लैजान जरुरी: नेताहरु

काठमाण्डु । नेपाली काँग्रेसका नेताहरुले पार्टीलाई एकताबद्ध बनाएर मुलुक सामु देखापरेका सबैखाले चुनौतीको सामना गर्ने सामर्थ्यका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभएको छ ।

वडा दसैं, शुभ-दीपावली, नेपाल सम्वत् ११४४ तथा छठ पर्वको अवसरमा प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति क्षेत्र नं ६ काठमाडौंको आयोजना तथा नेपाली काँग्रेस बागमती प्रदेशका महामन्त्री राजु श्रेष्ठको संयोजनमा भएको 'एकता आजको आवश्यकता-राजनीतिक उपलब्धि र चुनौती' विषयक विचार गोष्ठीमा बोल्दै नेताहरुले सिङ्गो राष्ट्रलाई एकताबद्ध बनाएर मुलुकलाई आर्थिक समृद्धिको दिशामा अग्रसर गराउने राष्ट्रिय दायित्व पनि काँग्रेसको भएको बताउनुभएको हो ।

साथै, उहाँहरुले प्रजातान्त्रिक पार्टी काँग्रेसभित्रको आन्तरिक प्रजातन्त्रलाई सुदृढ बनाएर पार्टीलाई गाउँदेखि सहरसम्म एकताको सन्देश प्रवाह गर्न पनि नेतृत्वगणलाई आग्रह गर्नुभयो ।कार्यक्रममा नेपाली काँग्रेसका पूर्वमहामन्त्री प्रकाशमान सिंहले मुलुकको राष्ट्रिय आवश्यकतालाई केन्द्रमा राखेर सिङ्गो पार्टीलाई एकताबद्ध



बनाई जनताको परिवर्तनको चाहना अनुरुप विकास र समृद्धिको दिशामा सक्रिय भूमिका निर्वाह गर्न पार्टी पंक्ति प्रतिबद्धताका साथअघि बढ्नुपर्ने खाँचो औँल्याउनुभयो ।

प्रजातान्त्रिक मूल्य र मान्यताको बीजारोपण मात्रै होइन सो प्राप्तिका लागि सङ्घर्ष गरेको तथा नेपालको राष्ट्रिय राजनीतिमा अग्रणी भूमिका निर्वाह गरेको काँग्रेसलाई भावनात्मक एकताबद्ध भएर जनआकांक्षाअनुरुप काम गर्नुपर्ने धारणा उहाँले राख्नुभयो ।"नेपालको राजनीतिक परिवर्तनमा लामो त्याग र सङ्घर्ष गरेको काँग्रेसलाई मुलुकमा अहिले देखिएका सबैखाले चुनौतीलाई सामना गर्दै पार्टीलाई एकताबद्ध गरेर आर्थिक समृद्धिको यात्रामा सक्रिय हुनुपर्ने आवश्यकता छ, काँग्रेसको लक्ष्य अझै सफल भएको छैन, त्यसका निम्ति संविधानमा व्यवस्था भएको जनहितका कामलाई व्यावहारिक रुपमा अघि बढाउन जरुरी छ", नेता सिंहले भन्नुभयो ।

पार्टीका अर्का पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले सिङ्गो राष्ट्रलाई एकताबद्ध बनाउने जिम्मेवारी काँग्रेसको काँधमा रहेको बताउनुहुँदै सबै राजनीतिक दललाई एकताको सूत्रमा बाँधेर मुलुकलाई आर्थिक समृद्धिको दिशामा अघि बढाउनुपर्ने दायित्व रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो,"सामाजिक सद्भाव कायम गर्दै राष्ट्रलाई एकताबद्ध बनाउने जिम्मेवारी काँग्रेसमा रहेको छ, त्यसका लागि पार्टीभित्रको आन्तरिक एकतालाई बलियो बनाएर लैजानुपर्छ ।"

नेता सिटौलाले संविधानको पूर्ण कार्यान्वयन, अर्थतन्त्रको सबलीकरणका लागि काँग्रेसले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो । उहाँले सङ्घीय, प्रदेश रस्थानीय सरकारको अहिले नै मूल्याङ्कन गर्ने अवस्था नरहेको तर संविधानले सङ्कल्पगरेको जनताको अधिकारको लागि सचेत गराउनु अपरिहार्य भएको उल्लेख गर्नुभयो ।

काँग्रेसका अर्का पूर्वमहामन्त्री डा शशाङ्क कोइरालाले मुलुकको राजनीतिमा महत्वपूर्ण योगदान गरेको पार्टीलाई एकताबद्ध गर्दै राजनीतिक उपलब्धि संस्थागत गर्न थप जिम्मेवार भएर लाग्नुपर्ने खाँचो औँल्याउनुभयो। "हामी एकजुट भयौँ भने कसैले पनि चलाउन सक्दैन", उहाँलेभन्नुभयो,"काँग्रेसभित्रभएका कमजोरीलाई सुधार गरी मुलुकसामु देखापरेका राजनीतिक, आर्थिक, सामाजिक चुनौतीको सामना गर्न पार्टीले जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्नुपर्छ ।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति एवं काँग्रेस नेतृ डा आरजु राणाले पार्टीलाई एकताबद्ध गर्दै सिद्धान्त र विचारलाई जनतासमक्ष लैजान सबै जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले मुलुकमा सुशासन प्रवर्द्धन, कृषिको आधुनिकीकरण गर्दै रोजगारी सिर्जना गर्नेतर्फ पार्टीले पहलकदमी गर्नुपर्ने धारणा राख्नुभयो ।रासस

# गैरव्यावसायिक क्रियाकलापमा संलग्न एक सय ७७ फर्म माथि कारबाही, झण्डै ५५ लाख जरिवाना असुल

काठमाण्डु । उपभोक्ता हित संरक्षण तथा स्वच्छ बजार कायम गर्न वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगनमलाई तीव्र बनाएको छ । विभागले चाडपर्व लक्षित बजार अनुगमन कार्यायोजनाअनुसार सरोकार भएका निकायको समन्वयमा १० वटा विषयगत र दुई वटा विशेष निगरानी टोली खटाएर बजार अनुगमन गरिरहेको छ ।

यही असोज १ देखि २५ गतेसम्म विभागले काठमाडौँ उपत्यकाभित्रका दैनिक उपभोग्य खाद्यान्न, माछामासु, औषधि तथा तरकारीजन्य छ सय ७९ व्यावसायिक फर्मको अनुगमन गरी एक सय ७७ फर्मलाई विभिन्न कसुरमा कारबाही गरेको छ । विभागले गैरव्यावसायिक क्रियाकलाप गर्ने ती फर्ममाथि कारबाही गरी रु ५४ लाख ६७ हजार जरिवाना तिराएको छ ।

यस्तै एक सय ८५ फर्मसँग थप कागजात माग तथा दुई सय ९३ फर्मलाई व्यावसायिक सुधारका लागि निर्देशन दिएको विभागका महानिर्देशक तीर्थराज चिलुवालले जानकारी दिनुभयो । विभागले अनुगमनका क्रममा कुलेश्वरबाट जफत गरेको ७० हजार मेट्रिकन चिनी साल्ट ट्रेडिङ कर्पोरेशनले सहुलियत दरमा बिक्री गरिरहेको छ । उक्त चिनी साल्ट ट्रेडिङले प्रतिकिलो एक सय एक रुपैयाँ ५० पैसामा खरिद गरी सुपथ मूल्य पसलमार्फत प्रतिकिलो रु ९७ मा बिक्री गरेको हो । बजारमा देखिएको चिनीको अभावलाई न्यूनीकरण गरी आपूर्ति प्रणाली सहज गर्न स्वदेशी उद्योगले अन्य औद्योगिक प्रयोजनका लागि अग्रीम बिक्री सम्झौता गरिसकेको एक हजार मेट्रिक टन चिनी उपभोक्ताको सहज पहुँच पुग्ने गरी बजारमा पठाउने तयारी गरिएको विभागका महानिर्देशक चिलुवालले जानकारी



दिनुभयो । चिनी सञ्चय गर्ने तथा अस्वाभाविक मूल्य वृद्धि गर्ने व्यवसायीको गोदामस्थल पहिचान गरी कारबाही गर्ने तथा सञ्चय गरेको चिनीलाई सहज र वास्तविक मूल्यमा बजारमा आपूर्ति गराउन निरन्तर लागि परेको विभागले जनाएको छ।

जीराको अस्वाभाविक मूल्यवृद्धि भइरहेका सन्दर्भमा विभागले सूक्ष्म अनुगमन गरिरहेको महानिर्देशक चिलुवालको भनाइ छ। "बजारमा सहज आपूर्ति र अस्वाभाविक नाफाखोरी गर्ने प्रवृति नियन्त्रणका लागि विशेष निगरानी, सूक्ष्म सूचना विश्लेषण र सरोकार भएका अन्य निकायबाट समेत आयात, सञ्चय तथा बिक्री वितरणसम्बन्धी विवरण विभागको निगरानी टोलीबाट अध्ययन भइरहेको छ", उहाँले भन्नुभयो ।

चोभारस्थित एक गोदामस्थलबाट २५ हजार किलो जीरा सञ्चय भएको पाइएको र उक्त जीरा तुरुन्त बजारमा प्रवाह गर्नेगरी काम अगाडि बढाइएको विभागले जनाएको छ। विभागबाट खटिएको अनुगमन टोलीले जीरा, चिनी, पिउने पानीलगायत काठमाडौँ उपत्यकाका नौ वटा खाद्यजन्य वस्तु सञ्चय गर्ने व्यवसायीको गोदाम र व्यापारिकस्थल सिलबन्दी गरी अनुसन्धानको प्रक्रिया अगाडि बढाएको छ।

नियमित रुपमा बजार अनुगमन मार्फत स्वच्छ र प्रतिस्पर्धी बजार कायम गरी उपभोक्ताको हित संरक्षण कार्यमा विभाग क्रियाशील रहेको महानिर्देशक चिलुवालको भनाइ छ । बजारमा देखिने गैरव्यावसायिक क्रियाकलाप, उपभोक्ता ठगी, अनुचित व्यापारिक क्रियाकलाप, बिलबिजक जारी नगर्ने, न्यून गुणस्तरीय वस्तुको बिक्री वितरणलगायतक्रियाकलापलाई न्यूनीकरण गर्न तथा स्वच्छ बजार कायम गरी उपभोक्ताको अधिकार संरक्षण गर्न विभाग निरन्तर रुपमा क्रियाशील रहेको छ । विभागको नेतृत्वमा खाद्य प्रविधि तथा गुण नियन्त्रण, औषधि व्यवस्था, आन्तरिक राजस्व, नेपाल गुणस्तर तथा नापतौल, पशुसेवा र जिल्ला प्रशासन कार्यालय, काठमाडौँको सहभागितामा संयुक्त बजार अनुगमन भइरहेको छ। रासस

# सिद्धार्थबैंकद्वारा लाभांश घोषणा

Siddhartha Bank

**टुडे समाचारदाता**

काठमाण्डु । सिद्धार्थ बैंकद्वारा २०७९/८० को वितरणयोग्य मुनाफाबाट बैंकका शेयरधनीहरुलाई ४.२१५नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । बैंकको हाल कायम रहेको चुक्ता पूँजी रु. १४ अर्ब ,०८ करोड ९९ लाख ८० हजार ,१ सय ९० मा ४.२१५ बराबरको ५९ करोड ३१ लाख ८८ हजार १ सय रुपैंया मात्र नगद लाभांश प्रस्ताव गरेको हो । उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त भएपछि तथा बैंकको आगामी साधारण सभाबाट पारित भए पश्चात् मात्र वितरण गरिने बताइएको छ।

बैंकले आर्थिक वर्ष २०७९।८० मा ३ अर्ब १६ करोड खुद नाफा आर्जन गरेको छ। यस मुनाफा अघिल्लो वर्षको मुनाफाको तुलनामा २६ करोड अर्थात् ९.११५ प्रतिशत वृद्धि हो। यसै गरी बैंकको वितरणयोग्य मुनाफा ६६ करोड कायम रहन आएको छ । खुद मुनाफाको तुलनामा बैंकको वितरणयोग्य मुनाफामा केहि संकुचन आएको देखिन्छ । जसको मुख्य कारण बैंकले आर्थिक वर्ष २०७९-८० को खुद मुनाफाबाट १ अर्ब ४६ करोड बराबर रकम ऋणपत्रको लागि पूजी फिर्ता जगेडाकोषमा विनियोजन गरिएकाले हो ।

यसरी जगेडा कोषमा विनियोजित रकम ऋणपत्र परिपक्व भए पश्चात् शेयरधनीहरुलाई नै वितरण गरिन्छ । यसर्थ उक्त विनियोजित रकम १ अर्ब ४६ करोड समेत गणना गर्दाको अवस्थामा बैंकको वास्तविक वितरणयोग्य मुनाफा २ अर्ब १२ करोड कायम हुन आउँछ।

जुन प्रतिशतको हिसाबमा हेर्दा १५.०७ ५ को प्रतिफल हो ।यसैगरी प्रतिकुल बजार अवस्थाका बावजुद बैंकले निस्कृय कर्जाको अनुपातलाई २.०१५मा सिमित गर्न सफल भएको छ, जुन अघिल्लो त्रैमासको निस्कृय कर्जाको अनुपात३.९५५को तुलनामा ४९.११५को सुधार हो।

२०८० असार मसान्तमा बैंकको चुक्ता पूंजि १४ अर्व ८ करोड रहेको छ । जगेडा कोष ११ अर्व २२ करोड रहेको छ। बैंकको नेटवर्थ २५ अर्व ३१ करोड पुगेको छ जुन अघिल्लो आर्थिक वर्षभन्दा ३ अर्व ७१ करोडले वृद्धि भएको छ। बैंकले यस आर्थिक वर्षमा ५९ करोड नगद लाभांश वितरण गरे पश्चात् पनि बैंकको नेटवर्थमा अघिल्लो आ.व. भन्दा १४.४३५ ले वृद्धि हुने देखिन्छ।

देशमा विद्यमान तरलता अभावको अवस्थामा सिद्धार्थ बैंकले World Bank Group अन्तर्गतको International Finance Corporation (IFC) बाट ५ करोड ५० लाख अमेरिकि डलर बराबरको ऋण रकम प्राप्त गर्न सफल भएको थियो ।

उक्त रकम हालसम्म नेपालका कुनै पनि बैंक तथा वित्तिय संस्थाले क्षॅत्रबाट प्राप्त गरेको ऋण रकम मध्ये सबैभन्दा बढिहो ।अन्तराष्ट्रिय ख्याती प्राप्त वित्तिय संस्थाहरुबाट सिद्धार्थ बैंकलाई स्वीकृत ऋण रकमले बैंकभित्र विद्यमान शुशासन र बैंकको सवल वित्तिय अवस्थालाई पुष्टि गर्दछ।

# शान्ति पुनर्स्थापना गृहको सामाजिक लेखा परिक्षण सार्वजनिक



**टुडे समाचारदाता**

जनकपुरधाम । शान्ति पुनर्स्थापना गृह (पीआरसी) शाखा कार्यालय जनकपुरधाम धनुषाले आफ्नो वार्षिक सामाजिक लेखा परिक्षण सार्वजनिक गरेको छ।

शुक्रबार आयोजित एक कार्यक्रमकाबीच संस्थाले आर्थिक वर्ष २०७९/०८० मा संचालन गरेको कार्यक्रमहरुको वार्षिक प्रगति विवरण सार्वजनिक गरेको छ । जसअनुसार संस्थाले मानव बेचबिखन तथा ओसारपसारको जोखिमपूर्ण यात्रामा रहेका ४१ जना महिला, किशोरी तथा बालबालिकाहरुलाई उद्धार गरी पारिवारीक पुर्नमिलन गराएको जानकारी गराएको छ।

त्यस्तै, २३२ जना महिला, किशोरी तथा बालबालिकाहरुलाई मानव बेचविखन तथा ओसारपीर विरुद्धमा सूचना तथा परामर्श सेवाप्रदान गरेको संस्थाका क्षेत्रीय संयोजक संजित सिंहले जानकारी दिए । संस्थाको रोहबरमा ३ जनालाई महिला, किशोरी तथा बालबालिकाहरुलाई मानव बेचविखन तथा ओसारपसार विरुद्धमा र ज.ज.कको मुद्धा दर्ता गराएको उनले जनाए । साथै १ जनालाई भारतबाट उद्धार गरी स्वदेश फिर्ता गरिएको उनले जानकारी दिए।

कार्यक्रममा गृहका संयोजक भूमिराज भट्टराईले मानव बेचबिखनमा संलग्न अपराधीलाई कानूनी दायरामा ल्याई कडा कारबाही गर्नुपर्नेमा जोड दिएका थिए। उनले खासगरि सीमानासंग जोडिएका पालिकाका पदाधिकारीहरुलाई गम्भिर रुपमा मानव बेचबिखनविरुद्ध काम गर्न आग्रह गरे। कार्यक्रममा नगराइन नगरपालिकाका प्रमुख विनय यादवले मानव बेचबिखन रोक्न थप जनचेतनाको आवश्यकत भएकाले यसको प्रचार प्रसारमा जोड दिनुपर्ने सुझाव दिए।

कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी चक्र पाणि पाण्डेले मानव बेचविखनको समस्या सीमानाकासंग जोडिएको समस्या रहेकाले विभिन्न गैरसरकारी संघ संस्थाहरुको समन्वय र पालिकाहरुलाई जिम्मेवारी प्रदान गरी निगरानी र सचेतनामूलक अभियान गर्नुपर्नेमा जोड दिए।

# सिटिजन्स बैंकको १७ औं वार्षिक साधारण सभा सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको १७औं वार्षिक साधारण सभा बैंक सञ्चालक समितिका अध्यक्ष राजनसिंह भण्डारीको अध्यक्षतामा शुक्रवार सम्पन्न भएको छ।




आ.व. २०७९/८० को संचालक समितिको वार्षिक प्रतिवेदन छलफलगरि पारित गरिएको छ।

बैंकको लेखापरीक्षकको प्रतिवेदनसहित २०८० आषाढ मसान्तको एन।एफ।आर।एस (NFRS) बमोजिम तयार गरिएको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सानीको हिसाव तथा नगद प्रवाह विवरण लगायतका एकीकृत ९ऋयलकयषिमबतभम० वित्तीय विवरणहरु सभामा छलफल भई स्वीकृत भएको छ । त्यसै गरी साधारण सभाले गत आर्थिक वर्ष २०७९/८० को मुनाफाबाट५.७९ प्रतिशतका दरले हुन आउने रु. ८२,२१,६१,६५२। ९६बराबरको नगद लाभांश (लाभांश कर समेत) दिने प्रस्ताव सर्वसम्मतिबाट पारित गरेको छ।

साधारण सभाबाट प्रवल जङ्ग पाण्डे, सीता कार्की (के .सी.), सजन शर्मा र दिग्विजय विष्ट बैंकको संचालक समितिको सदस्यमा निर्वाचित भएका छन् ।

सभाका अध्यक्षले शेयरधनीहरुबाट प्राप्त सुझाव अनुसार बैंकको काम कारवाही संचालन गर्ने र भविष्यमा बैंकले अझबढी प्रगति हाँसिल गर्न सक्ने सभालाई विश्वास दिलाए ।संस्थागत सुशासन तथा अनुपालना (Corporate Governance and Compliance) को स्तरलाई उच्चतम राख्ने विषयमा बैंकले सदैव महत्व दिँदै आएको र आगामी दिनहरुमा समग्र बैंकको संस्थागत सुशासन तथा अनुपालनाको अवस्थालाई थप सवल तथा सुदृढ बनाउँदै जाने तर्फ बैंक प्रतिबद्ध रहेको उनले बताए। शेयरधनी तथा बैंकसँग सम्बन्धित सम्पूर्णसरोकार पक्षहरुले पुऱ्याउनु भएको सहयोगको लागि धन्यवाद प्रकट गर्दै उनले यस्तै सहयोग तथा सदाशयता निरन्तर प्राप्त हुने आशा प्रकट गरे।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १ सय ८८ वटा शाखा, १ सय ४८ वटा ए.टि.एम. र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १६ लाख ६२ हजार ग्राहकलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ।

आफ्ना ग्राहकहरुलाई विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधाहरु, रेमिट्यान्स सेवा, आस्वा, ड्राफ्ट, भिसा डेबिट/क्रेडिट/प्रिभिलेज कार्ड सेवा, भिसा इन्टरनेसनल डलर कार्ड सेवा, साथै कुनै पनि शाखाबाट रकमझिक्न र राख्न सकिने जस्ता सुविधाहरु पनि उपलब्ध गराउँदै आएको छ।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : धन बृद्धि सञ्चय। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : भ्रमण अवसर हुने। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : प्रेम प्रसंग, मित्र सुख। |
| बृश्चिक | : पारिवाहिक सुख। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



दसैं नजिकिएसँगै मधेश प्रदेशको राजधानी जनकपुरधाममा अवस्थित राजा जनकको कुलदेवी माता राजदेवी मन्दिरको मुख्यद्वार सजाइएको पण्डाल । *तस्बिर : टुडे*

# बालबिबाह बिरुद्ध सर्लाहीका पालिका



**टुडे समाचारदाता**

मलंगवा । समाजमा व्याप्त बालविवाह रोक्न सर्लाहीका स्थानीय तहले अभियान चलाउन थालेका छन्।

उनीहरुले बालविवाहको तथ्यांक संकलन गर्ने, बालविवाहको कारण पत्ता लगाउने र बालविवाह रोक्नको लागि कार्ययोजना बनाएर अघि बढ्ने प्रतिबद्धता सहित कार्य प्रारम्भ गरेका हुन्।बालविवाह विरुद्धको अभियानलाइ दीगोरुपमा कायम राख्न वडा र स्थानीय तहलाइ बालविवाहमुक्त क्षेत्र घोषणा गर्नका लागि कार्यविधि तर्जुमा गर्ने कार्यको शुरुवात गरिसकेको गोडैता नगरपालिकाका प्रमुख देवेन्द्र प्रसाद यादवले बताए ।


बालविवाह सम्बन्धी नीति तर्जुमाका लागि आयोजना गरिएका कार्यक्रममा उनीहरुले बालविवाह न्यूनीकरण अभियानमा तदारुकताका साथ लाग्ने जनाएका छन्। जिल्लाको गोडैता, बलरा र इश्वरपुर नगरपालिकाले कानून बनाएरै बालविवाह विरुद्धको अभियानलाइ तीव्रता दिने उद्देश्यले कार्यशालाको आयोजना गरी योजनाबद्धरुपमा बालविवाहको कारण र असर तथा न्यूनीकरणको उपायबारे छलफल गरेका थिए ।

सेभ द चिल्ड्रेनले राष्ट्रिय रोजगार प्रवर्धन केन्द्रसँगको साझेदारीमा सर्लाही जिल्लाका ४ वटा स्थानीय तहहरु गोडैता, बलरा, हरिपुर रइश्वरपुर नगरपालिकामा सञ्चालित समुन्नति कार्यक्रमले बालविवाह विरुद्धको अभियानमा आर्थिक तथा प्राविधिक सहयोग गरिरहेको छ। समुन्नति कार्यक्रमले उल्लेखित ४ वटै पालिकाहरुमा बालसंरक्षण, शिक्षा, स्वास्थ्य, गरीवि निवारण लगायतका क्षेत्रमा विगत ६ वर्षदेखि सर्लाही जिल्लामा कार्य गर्दै आएको र उक्त कार्यक्रम मार्फत बालविवाह विरुद्धको स्थानीय सरकारको अभियानमा सहयोग गर्दै आएको राष्ट्रिय रोजगार प्रवर्धन केन्द्रका उपाध्यक्ष बजरङ्गवली प्रसाद साहले बताए ।

बलारा नगरपालिकाका महिला तथा बालबालिका शाखा प्रमुख पुनम मिश्रले बालविवाह न्युनिकरणका लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन भइरहेको बताइन्। उनले भनिन्, 'गाउँमा बालविवाह खुलमखुला रुपमा भइरहेको छ। त्यो तथ्यांक संकलन हुन सकेको छैन। अब स्थानीय तहले तथ्यांक संकलन गरेर बालविवाह हुनुको कारण बारेमा पहिचान गर्नेछ। यो अभियानमा जनप्रतिनिधि, कर्मचारी र नगरबासी सबै जागरुक र एकजुट भएर लाग्नुपर्नेमा उनले जोड दिइन्। बलरा नगरपालिकाका प्रमुख रामशंकर प्रसाद कुशवाहले समाजले बालविवाहलाई सहज रुपमा स्वीकार गरेकोले नै बालविवाह बढेको बताए। उनले भने, 'गरीबि, अशिक्षा र कानुनी ज्ञानको अभावले बालविवाह बढेको देखिन्छ। बालविवाह रोक्न बाल संरक्षण संयन्त्रको विकास गर्नुपर्ने, अन्तर संवाद चलाउनु पर्ने, धार्मिक गुरुहरुलाइ अभिमुखीकरण गर्नुपर्ने कुरामा जोड दिए।

सर्लाही जिल्लाको बलारा र गोडैता नगरपालिकामा सबै मिलेर बालविवाह नियन्त्रण गर्ने अभियान चलाउने विषयमा समय समयमा छलफल हुनेगरेको र अब कार्यविधि नै बनाएर तोकिएको प्रक्रिया र सूचक पूरा गरेर अभियानकै रुपमा काम गर्न थालिएकोले बालविवाह विरुद्ध देखिने गरी नतिजा निस्कनेमा विश्वस्त भएको भएको समुन्नति कार्यक्रमका बालसंरक्षण अधिकृत अरविन्द कुसवाहले बताए ।

# जसपा नेपालको आधिकारिक पार्टी वेबसाइट सार्वजनिक



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्नो पार्टीको आधिकारिक वेबसाइट शुक्रवार सार्वजनिक गरेको छ। जसपाले www.jspnepal.org (जेएसपीनेपाल डट ओरजी) लाई पार्टीको आधिकारिक वेबसाइटको रुपमा अघि सारेको छ।

केन्द्रीय कार्यालय वालकुमारी ललितपुरमा आयोजित एक समारोहमा जसपा नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले क्लिक गरेर वेबसाइटको औपचारिक उद्घाटन गरेका हुन् ।

वेबसाइटको सुरुवात गरेसँगै अध्यक्ष यादवले पार्टीको दस्तावेज र अन्य सम्पूर्ण गतिविधिलाई वेबसाइट मार्फत् डिजिटल प्रविधिमा व्यवस्थापन गर्दा पार्टी पंक्तिसँगै जनता मतदातालाई समेत जसपा नेपाल सम्बन्धी सम्पूर्ण जानकारी पाउन सहज र सरल हुने बताए ।

वर्तमान युग सूचना प्रविधिको युग भएकोले पार्टीको सम्पूर्ण दस्तावेजलाई डिजिटल प्रणालीमा रुपान्तरण गर्न आवश्यक रहेको बताए । सार्वजनिक गरिएको नयाँ वेबसाइटमा जसपा नेपालको इतिहास, लक्ष्य, उद्देश्यसँगै आधिकारिक दस्तावेज, विभाग तथा जनवर्गिय संगठन, सांगठनिक संरचना लगायत संघ, प्रदेश, जिल्ला र पालिकासम्म पार्टीको महत्वपूर्ण विवरण समावेश गरिएको छ । पार्टी अध्यक्ष र अन्य शीर्ष नेतृत्वसँग भेटघाटको लागि अनलाइन अनुरोध फारम र विश्वको जुनसुकै कुनाबाट वेबसाइट मार्फत् पार्टीको सदस्यता लिन सकिने व्यवस्था गरिएको छ।

# दुई वर्ष पुराना मुद्दा चालु आवमै फछ्र्यौट हुने

काठमाण्डु । काठमाडौं जिल्ला अदालतले दुई वर्ष पुराना मुद्दा चालु आर्थिक वर्षभित्र फछ्यौंट गर्ने भएको छ ।

दुई वर्ष पुराना मुद्दा शून्यमा झार्ने सर्वोच्च अदालतको अभियानअनुसार जिल्ला अदालतले आगामी असार मसान्तसम्ममा त्यस्ता मुद्दा फछ्र्यौट गर्ने जनाएको हो । हाल उक्त अदालतमा दुई हजार नौ सय ८७ वटा दुई वर्ष पुराना मुद्दा छन् ।

अदालत परिसरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै काठमाडौं अदालतका जिल्ला न्यायाधीश कृष्णप्रसाद सुवेदीले दुई वर्ष पुराना सबै मुद्दा असार मसान्तसम्ममा फछ्र्यौट गर्ने लक्ष्य रहेको र ती मुद्दामा पेसी स्थगित नहुने गरी सुनुवाइ गरिरहेको बताउनुभयो । उक्त अदालतमा दुईवर्ष पुरानासहित हाल ३१ हजार तीन सय ३६ मुद्दा विचाराधीन छन् । रासस

# स्वास्थ्य बीमाका बिरामीले पाएनन् भर्ना, अस्पतालका शय्या भरिभराउ

चितवन । भरतपुरका दुई अस्पतालमा मात्रै स्वास्थ्य बीमाको सेवा हुँदा बिरामीले अस्पतालमा शय्या (बेड) पाउन छाडेका छन् । दुई अस्पताका शय्या भरिभाउ भएपछि भर्ना पाउन छाडेका हुन् । यहाँको सरकारी भरतपुर अस्पताल र निजी स्तरको कलेज अफ मेडिकल साइन्सेसमा मात्रै स्वास्थ्य बीमामार्फत उपचार सुविधा छ । यी दुई अस्पतालमा बिरामामीको चाप बढेपछि आकस्मिक (इमर्जेन्सी) र बहिरङ्गमा समेत बिरामीले भरिने गरेका छन् । चितवन मेडिकल कलेजसहित निजी अस्पतालमा भने बिरामीको चाप कम छ ।

भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट प्रा डा कृष्णप्रसाद पौडेलले अस्पताल आएका बिरामीलाई भर्ना गर्न नसकेर फिर्ता गर्नु परेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीकहाँ आएका सेवाग्राहीहरूलाई शय्या छैन भनेर भनिरहनु पर्दा अत्यन्त दुःखित छौं ।" विगत केही दिनदेखि आकस्मिकदेखि सबै छ सय शय्या प्रायः खाली नभएको उहाँले बताउनुभयो । अस्पतालमा सघन उपचार कक्ष ३०, बाल सघन उपचार कक्ष छ, नवजात शिशु सघन उपचार कक्ष २० सबै भरिएका छन् ।

त्यस्तै, १० शय्याको वृद्धवृद्धा वार्डको शय्या आजदेखि बढाएर १६ पुऱ्याइएको छ । ती शय्याहरूमा पनि बिरामीको चाप छ । स्वास्थ्य बीमाका कारण बिरामी भरिएका हुन् । पौडेलले भर्ना भएका बिरामीको अस्पताल बसाइ कसरी




कम गर्न सकिन्छ भन्ने बारेमा छलफल गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारी अस्पतालमा आएका बिरामी सके र भएसम्म फर्काउन नपरोस् भनेर हामी लागिपरेका छौं ।" अस्पतालमा ७० प्रतिशत चितवनका र बाँकी बाहिरी जिल्लाका बिरामी आउने गरेका छन् । बीमाका बिरामी ७० प्रतिशतभन्दा बढी छन् । दैनिक बहिरङ्ग सेवामा दुई हजारभन्दा बढी बिरामी आउने गर्दछन् । यो सङ्घीय अस्पताल हो ।

अस्पतालका स्वास्थ्य बीमा कार्यक्रम इन्चार्ज लीलाधर पौडेल दैनिक ४० जनाभन्दा बढी बीमाका बिरामी रिफर लिएर जाने गरेको बताउनुहुन्छ । अस्पतालमा शय्या अभाव भएर, कतिपय सेवा लिन पालो कुर्नुपर्ने भएर र एमआरआई जस्ता सेवा अस्पतालमा नभएर रिफर माग्ने गरेको उहाँले जानकारी दिनुभयो । स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरेको कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पतालमा पनि बिरामी भरिभराउ छन् । त्यहाँसमेत बिरामीले भर्ना नपाएपछि दुःख पाइरहेका छन् । बीमाका बिरामी पहिलो पटक भरतपुर अस्पताल पुग्छन् भने त्यसपछि रिफर लिएर बीमा कार्यक्रम लागू भएको शिक्षण अस्पताल पुग्छन् । अन्य जिल्लाबाट समेत बीमाका बिरामी रिफर भएर यहाँ आउने गरेका छन् । अस्पतालका अतिरिक्त निर्देशक डा मनोहर प्रधानका अनुसार अस्पतालका सबै शय्या भरिएकाले आएका सबै बिरामी भर्ना लिन सकिएका छैनन् । उहाँले भन्नुभयो, "हाम्रा सबै शय्या भरिएर केही बिरामी फिर्ता जाने गरेका छन् ।" शिक्षण अस्पतालमा पाँच सय ५० शय्या सञ्चालनमा छन् । तीमध्ये ९० वटा सघन उपचार कक्ष छन् । नवजात शिशुदेखि वृद्धवृद्धासम्मलाई उपचार गर्नका लागि सघन उपचार कक्ष अस्पतालमा छन् । ती सबै भरिएको उहाँले बताउनुभयो ।

अस्पतालमा अधिकांश शय्या भरिएका कारण सबै बिरामीलाई सेवा दिन नसकिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले ज्वरोका बिरामी धेरै छन्, तीसँग अरू बिरामी पनि बढेकाले चाप बढेको हो ।" स्वास्थ्य बीमा गरेकाहरू सोही कार्यक्रमअन्तर्गत उपचार गर्न चाहन्छन् । आर्थिक रूपमा टेवा पुग्ने भएकाले सबैको रोजाइ बीमा कार्यक्रम हुने गरेको छ ।

मौसम परिवर्तनसँग मौसम ज्वरो, डेङ्गु, स्क्रबटाइफस लगायतका बिरामीको सङ्ख्या बढेको छ । पूर्वपश्चिम राजमार्ग, पृथ्वी राजमार्गलगायत भित्री सडकमा हुने दुर्घटनाका बिरामी पनि यहाँ अस्पतालमा आउने गर्दछन् । यहाँका अस्पतालमा चितवनसहित देशैभरबाट बिरामी आउने गर्दछन् । नजिकका जिल्लाहरूबाट स्वास्थ्य बीमा गर्दा नै पहिलो विन्दु भरतपुर अस्पताल बनाउनेहरूको सङ्ख्या समेत ठूलो छ ।

# फरार अभियुक्त पक्राउ



**टुडे समाचारदाता**

जलेश्वर । जिल्ला प्रहरी कार्याल्य महोत्तरीले ज्यान मुद्दाका एकजना फरार अभियुक्तलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी दिलिप कुमार गिरिले जनाए अनुसार शुक्रवार बिहान साढे १० बजेको समयमा जिल्ला सर्लाही ईश्वरपुर नगरपालिकाको वडा नम्बर १३ बाट पक्राउ गरिएको हो। जिप्रका महोत्तरीको प्रहरी टोलीले कर्तव्य ज्यान मुद्दामा फरार रहेका महोत्तरी जिल्लाको सोनमा गाउँपालिका वडा नम्बर ३ बस्ने वर्ष ६५ का गंगा रायलाई पक्राउ गरिएको डीएसपी गिरिले जनाए।

उनलाई जिल्ला अदालत महोत्तरीले २०६९ साल वैशाख १७ गते जन्मकैदको सजाय गरेको थियो। अदालतको फैसला कार्यान्वयनको क्रममा रायलाई जलेश्वर कारागार पठाइएको छ।

# चिकित्सकलाई कुटपिट गर्ने छ जना धरौटीमा रिहा

मनहरी (मकवानपुर) । हेटौंडाको एक अस्पतालमा चिकित्सकलाई कुटपिट गरेको आरोपमा पक्राउ परेका छ जनालाई जिल्ला अदालत मकवानपुरले धरौटीमा रिहा गर्न आदेश दिएको छ । जिल्ला न्यायाधीश राजेन्द्र अधिकारीको इजलासले आरोपित छ जनालाई धरौटीमा रिहा गर्न आदेश दिएको हो ।

अदालतले घटनामा पक्राउ परेका रमा प्रधानलाई रू दुई लाख ५० हजार तथा रमिला प्रधान, रोहन प्रधान, अनुप प्रधान, जीवन लामा तथा सुनिल पाख्रिनलाई जनही रू दुई लाखका दरले धरौटी माग गरेको थियो। अदालतले माग गरेको धरौटी बुझाएर छ जना बुधबार नै तारेखमा छुटेका जिल्ला अदालत मकवानपुरले जनाएको छ ।रासस

# टोखा नगरपालिकाद्वारा पानी उद्योगमा सिल

काठमाण्डु । टोखा नगरपालिकाले गुणस्तरहीन पानी बिक्री वितरण गरेको भन्दै एक उद्योगलाई सिल गरेको छ । नगरपालिकाबाट शुक्रबार खटिएको अनुगमन टोलीले टोखा नगरपालिका-३ ढलमलटोलमा सञ्चालित एक्वा अविरल पानी उत्पादन गर्ने सिलवाल गुप्र इण्ड्रष्टिज प्रालिलाई सिल गरेको हो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर विसीले स्थानीय तहमा दर्ता नभई विगत १६ वर्षदेखि सञ्चालनमा रहेको र गुणस्तरीय पानी उत्पादन गरी बिक्री वितरण गरेकाले उद्योगमा सिल गरिएको जानकारी दिनुभयो । यस्तै, नगरपालिकाको बजार अनुगमनका क्रममा वडामा दर्ता नभई सञ्चालित गौँगबु तरकारी बजारलाई रु १० हजार, म्याद नाघेको वस्तु बिक्री वितरण गर्ने सागर प्लास्टिक सप्लायर्सलाई रु पाँच हजार, दर्ता नगरी सञ्चालित गुड्डु किराना एण्ड मसला सेन्टर गौँगबुलाई रु दुई हजार जरिवाना गरेको छ ।



यसैगरी, टोखा नगरपालिका वडा नं ११ बानियाँटारमा सञ्चालित क्वालिटी फ्रेस चिकेन सप्लायर्सलाई सिल गरेको छ । नगरपालिकाले चाडपर्वको समयमा टोखावासीको जनस्वास्थ्यलाई ध्यानमा दिएर अनुगमनलाई तीव्रता दिएको हो ।

अनुगमनका क्रममा नगरप्रमुख प्रकाश अधिकारी, नगर उपप्रमुख मुरारी तामाङ, वडा नं ११ का वडाध्यक्ष घनश्याम खड्का, प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर विसी, नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, घरेलु तथा साना उद्योगका प्रतिनिधिलगायत टोखाका कर्मचारीको सहभागिता थियो ।काठमाडौंको उत्तरी क्षेत्रमा अवस्थित टोखामा ११ वडा रहेका छन् । नगरपालिकाले चाडपर्वलाई लक्षित गरी बजार अनुगमनलाई निरन्तरता दिने नगरपालिकाकी पशुसेवा शाखाकी प्रमुख डा सुस्मिता गौतमले जानकारी दिनुभयो । रासस

# यात्रुवाहक सवारीमा आजदेखि रुट परमिट खुला

काठमाण्डु । सरकारले नेपालीहरुको महान् पर्व बडा दसैंमा यात्रुलाई आवतजावतका लागि सहज होस् भन्ने उद्देश्यले शुक्रबारदेखि सार्वजनिक सवारीलाई रुट परमिट खुला गरेको छ । यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालको संयोजकत्वमा गत असोज २३ गते बसेको यातायात व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार शुक्रबारदेखि सार्वजनिक सवारीलाई रुट परमिट खुला गरेको हो ।

रुट परमिट खुला आगामी कात्तिक १० गतेसम्म जारी रहने बताइएको छ । रुट परमिट खुला गरेसँगै अब सार्वजनिक सवारी यात्रु लिएर देशका विभिन्न भागमा निर्बाधरुपमा जान पाउने भएका छन् । सोही बैठकको निर्णयअनुसार आजदेखि खाद्यान्नलगायत अत्यावश्यक वस्तुहरु ढुवानी गर्ने बाहेकका ट्रेलरलगायत ठूला सवारी काठमाडौं उपत्यका प्रवेशमा रोक लगाइएको छ ।दसैंका लागि घर जाने यात्रुलाई सहज होस् भन्ने उद्देश्यले सरकारले गत असोज २२ गतेदेखि नै अग्रीम टिकट बुकिङ खुला गरिसकेको छ । प्रत्येक वर्ष काठमाडौंबाट दसैं मनाउनका लागि २० लाखभन्दा बढी व्यक्ति आफ्नो जन्मस्थल जाने गरेका छन् । रासस



# २० करोडमा खुल्यो दाङमा 'भीएफएक्स सिनेमाज'

काठमाण्डु।कोरोनामहामारीयता सुविधा सम्पन्न मल्टीप्लेक्स हल खुल्ने क्रम बढेको छ । काठमाडौंमा मात्र यो सीमित छैन। मोफसलका ठूला शहरहरुमा पनि अत्याधुनिक प्रविधि भित्राएर नयाँ हलहरु खुलिरहेका छन् । जसले गर्दा सिंगल थिएटर विस्थापित हुने क्रममा छन् । मल्टीप्लेक्स हलको संख्या बढ्दा निर्मातालाई नै फाइदा हुन्छ। टिकट दर महंगो हुने भएकाले निर्मातालाई राम्रै शेयर हात पर्छ।

यस्तैमा, नेपाली फिल्मको ठूलो बजार मानिने लुम्बिनी प्रदेशको राजधानी दाङमा २० करोड खर्चिएर 'भीएफएक्स सिनेमाज' नामक नयाँ मल्टीप्लेक्स हल सञ्चालनमा आएको छ। शुक्रबारबाट प्रदर्शन थालनी गरेको फिल्म 'परदेशी २' देखाउँदै सञ्चालनमा आएको हलमा दुईवटा अडिटोरियम छ, जसमा कूल सीट क्षमता ४१२ छ। हलको सञ्चालकमा विजय रावत र चेतन जंग राना रहेका छन् । हलको निर्माण कार्य ३ वर्ष अगाडि सुरु भएको थियो। कोरोना महामारी र आर्थिक मन्दीका कारण निर्माणमा ढिलाई भएको हलमा थ्रीडीसहित सबै फिल्म चलाइने सञ्चालक रावतले बताए। उनले विदेशीभन्दा नेपाली फिल्मलाई प्राथमिकता दिने प्रतिवद्धता पनि जनाएका छन् । यसलाई चेनको रुपमा विस्तार गर्ने योजना बनाइएको हलको नयाँ शाखा काठमाडौंमा खोल्ने तयारी गरिएको छ।

दाङमा यसअघि गणेश हल, मनकाँशी हल र स्वर्गद्वारी हल गरि तीन हल सञ्चालनमा छन् । कोरोना महामारीभन्दा अगाडि दाङमा ९ वटा हल थिए। अहिले ६ वटा (निमा, विष्णु र ओम शान्ति, सत्यसाई, भोले, महालक्ष्मी) हल सञ्चालनमा छैनन् । दाङबाटै कुनै समयमा नेपाली फिल्मले लाखौं रुपैयाँ कमाउने गरेका थिए। 'भीएफएक्स सिनेमाज' भने यो जिल्लाकै पहिलो मल्टीप्लेक्स हल हो।

# रेखाको दाबी– 'मैले बनाएका फिल्ममध्ये 'उपहार' सबैभन्दा राम्रो'



काठमाण्डु । एक समय नेपाली फिल्ममा बलशाली उपस्थिति जनाएकी रेखा थापा २०७५ सालमा आएको फिल्म 'मालिका'पछि राजनीतिमा बढी सक्रिय भइन् । राष्ट्रिय प्रजातन्त्र पार्टीको महाधिवेशनमा महामन्त्री पदमा उठिन् । यसपछि उनले सोही पार्टीबाट संघीय निर्वाचनमा मोरङ क्षेत्र नं. ३ बाट सांसद् पदमा उम्मेदवारी दिएकी थिइन् । अब उनी ५ वर्षपछि फिल्म निर्माण र अभिनयमा फर्किएकी छन् ।

उनको निर्माणसँगै मुख्य भूमिका रहेको फिल्म 'उपहार' को यतिखेर अन्तिम चरणमा छायांकन भैरहेको छ । र, यसै वर्ष रेखा आमा बन्ने तयारीमा समेत छिन् । गर्भमा बच्चा हुर्किँरहँदा पनि उनले रातदिन नभनि फिल्मको छायांकन गरिरहेकी छन् । यो फिल्मलाई लिएर उनी आत्मविश्वासी र उत्साहित देखिन्छिन् । आफूले पहिला बनाएका फिल्मभन्दा यो सबैभन्दा राम्रो रहेको उनको दाबी छ।

अभिनेत्री थापाले फिल्मीखबरसँग भनेकी छन्, ' फिल्म एकदमै राम्रो बनेको छ। मैले बनाएकामध्ये सबैभन्दा राम्रो फिल्म नै यही हो । फिल्मले उठाएको विषयवस्तु पनि राम्रो छ। हामीले सानोमा हेर्ने नेपाली फिल्ममा समाजको कथा हुने गर्थ्यो । प्रेम, द्वन्द्व, हाँसो, रोदन सबै हुन्थ्यो । 'उपहार' हेर्दा त्यो महसुस हुनेछ ।' फिल्ममा आफूले निभाएको भूमिका पनि पृथक रहेको उनले बताएकी छन् ।

'उपहार'लाई आगामी माघ २६ गते प्रदर्शन गर्ने तयारी भैरहेको छ। दशैंको पूर्णिमामा एउटा गीत रिलिज गरेर प्रदर्शन मिति घोषणा गर्ने योजनामा निर्माण टिम छ । 'झिँगेदाउ'का निर्देशक ज्ञानेन्द्र देउजाको निर्देशन रहेको फिल्ममा बेनिशा हमाल, पूजा शर्मा, मुकुन भुषालको पनि अभिनय छ। ज्ञानेन्द्र र रेखाबीच यसअघि 'हिफाजत', 'देवर बाब' जस्ता सुपरहिट फिल्ममा सहकार्य भैसकेको छ।

# के सौगातलाई लिएर 'पशुपति प्रसाद ३' बन्छ ?

काठमाण्डु । २०७२ सालमा प्रदर्शनमा आएको 'पशुपतिप्रसाद' नेपाली फिल्मकै लागि एउटा 'माइलस्टोन' मानिन्छ। दृश्यभाषादेखि कलाकारको अभिनयसम्म, हरेक हिसाबमा फिल्म उत्कृष्ट ठहरिएको थियो। यो फिल्मले एउटा 'आइकनिक' क्यारेक्टर समेत जन्मायो, 'भष्मे डन'। जबकि, फिल्ममा यो पात्र सहायक मात्र थियो । र, चरित्रको हिसाबले नकारात्मक । तर, दर्शकलाई यही पात्र 'प्रिय' बन्यो।

सात वर्षपछि त्यही भष्मे डन पात्रमा केन्द्रित भएर सिक्वेल बनेको छ, 'पशुपति प्रसाद २ : भष्मे डन' । कात्तिक ४ गते फूलपातीबाट प्रदर्शन हुन लागेको फिल्ममा अभिनेता विपिन कार्की नै भष्मेको भूमिकामा छन्। अघिल्लो श्रृंखलामा उसलाई चुनौती दिने पात्रको रुपमा पशुपति प्रसाद (खगेन्द्र लामिछाने) थियो। सिक्वेलमा भने अभिनेता सौगात मल्ललाई भित्राइएको छ, जुन मधेशी चरित्र हो।

फिल्मको ट्रेलरमा सौगातलाई दिइएको महत्त्व हेर्दा भष्मे डनजस्तै यसपटक सौगातको चरित्रलाई स्थापित गर्न खोजिएको देखिन्छ। कतै यो 'पशुपति प्रसाद'को तेस्रो सिक्वेल बनाउने संकेत त होइन ? सोमबार ट्रेलर सार्वजनिक कार्यक्रममा पत्रकारले सोधेको प्रश्नमा निर्देशक दीपेन्द्र के. खनालले यो फिल्म सफल भएर दर्शकहरुले माग गरेको अवस्थामा तेस्रो सिक्वेल पनि निर्माण हुनसक्ने बताए।

उनले भने, 'हामीलाई 'पार्ट टू' बनाउन त ७ वर्ष लाग्यो। तेस्रो सिक्वेलको बारेमा त के भन्न सकिन्छ र ? तर, के हो भने भष्मे डनको एरियामा निहुँ खोज्ने कोही त आउनुपर्ला नि।

# 'सिनेमाघर एप' मा सुपरहिट फिल्मको लर्को, दशैंमा 'जारी'


काठमाण्डु। कोरोना महामारीभन्दा अघि नेपाली निर्मातालाई आम्दानीका लागि हल, युट्युब र विदेश प्रदर्शनको मात्र भर थियो। सीमित मात्रामा ओटीटी प्लेटफर्म भए पनि यसतर्फ दर्शकको उत्तिधेरै आकर्षण थिएन। मेकरहरुले पनि यसलाई गम्भीर रुपमा लिएका थिएनन्।

तर, कोभिडमा ओटीटीप्रति विश्वमै क्रेज बढ्यो। र, 'आइसियू'मा रहेको नेपालको ओटीटी प्लेटफर्म 'सिनेमाघर एप' पनि चम्कियो।

यतिबेला नेपालको 'नम्बर वान' ओटीटीको रुपमा स्थापित यो एपमा सुपरहिट फिल्मको लर्को लाग्न थालेको छ। 'जय भोले', 'कबड्डी ४', 'महापुरुष'पछि अब एपमा यो वर्षको ब्लकबस्टर फिल्म 'जारी' पनि रिलिज हुने भएको छ। दशैंको अवसर पारेर घटस्थापनाको दिन अर्थात् असोज २८ गते 'सिनेमाघर एप'मा फिल्म रिलिज हुन लागेको हो। हलमा हेर्न छुटेका दर्शकलाई यो राम्रो मौका हुनेछ।

एपका सीइओ सागर खरेलले दर्शकलाई दशैंको उपहारस्वरुप फिल्म रिलिज गर्न लागेको जानकारी दिए। यो फिल्मले हलमा जस्तै एपमा पनि उल्लेख्य दर्शक पाउनेमा उनी विश्वस्त छन्। गत भदौमा रिलिज भएको 'महापुरुष'ले राम्रो दर्शक पाइरहेको अवस्थामा एपले 'जारी' रिलिज गर्न लागेको हो। सीइओ खरेलले सिनेमाघर एपमा दर्शकहरुले यो फिल्मको सर्वाधिक डिमाण्ड गरेको बताए।

हलमा १७ करोडमाथिको कलेक्सन गरेको फिल्मलाई उपेन्द्र सुब्बाले निर्देशन गरेका हुन्। लिम्बु समुदायमा प्रचलित जारी प्रथालाई मियो बनाएर प्रेमकथा वाचन गरिएको यो फिल्ममा दयाहाङ राई, मिरुना मगर, रोयदीप श्रेष्ठ, रेखा लिम्बु, प्रेम सुब्बा, विजय बराल, अनिल सुब्बा, पुस्कर गुरुङ, कमलमणि नेपाल, उपसंग्बा नेम्बाङलगायतको अभिनय छ। फिल्मका निर्माता रामबाबु गुरुङ हुन्।



# 'परदेशी २' हलमा, प्रकाशको परीक्षा




काठमाण्डु । गायनमा ठूलो 'नेम-फ्रेम' कमाएका प्रकाश सपूत हिरो बनेको पहिलो फिल्म 'परदेशी २' प्रदर्शनको मैदानमा उत्रिएको छ। दशैंको अवसर पारेर शुक्रबारबाट प्रदर्शन थालेको यो फिल्मप्रति ठूलो अपेक्षा राखिएको छ । किनकि, ७ वर्षअघि यसको पहिलो श्रृंखला सुपरहिट भएको थियो। नारायण रायमाझीको निर्देशन रहेको फिल्मले युवापुस्तामा बढ्दो विदेश मोहको कथालाई पेश गरेको छ। सुपरहिट फिल्मको सिरिज, नाम चलेका कलाकार, चुस्त प्रचार, गीत-संगीतको चर्चा आदि कारणले मल्टीप्लेक्सहरुमा सुखद् शोज प्राप्त गरेको फिल्मलाई हिटको यात्रा तय गर्न सशक्त 'वर्ड अफ माउथ'को आवश्यकता पर्नेछ। यो फिल्म गायक सपूतका लागि भने अग्नि परीक्षा हो। गायनमा पाएको सफलता उनले फिल्मबाट पनि बचाउनुपर्नेछ। साथै, अभिनयको प्रशंसा पनि अनिवार्य छ।

नारायण इन्टरनेसनलको प्रस्तुतिमा राजेश बंशल र नारायण रायमाझीको संयुक्त निर्माण रहेको फिल्ममा प्रकाशका साथै नीर शाह, दीलिप रायमाझी, प्रशान्त तामाङ, केकी अधिकारी, वर्षा सिवाकोटी, रमा थपलिया, सबिन बास्तोता, देवेन्द्र बब्लु आदिको अभिनय छ। मानकृष्ण महर्जनको छायांकन रहेको फिल्ममा चर्चित गीतकार तथा संगीतकार रमेश विजीको कथा तथा पटकथा लेखन छ । 'परदेशी २'सँगै दुई नेपाली फिल्म 'कौसीद' र 'बासेन्जी' पनि एकसाथ प्रदर्शनमा आएका छन् । तर, दुवै गुमनाम रिलिज भएका हुन्। अर्थात् सामान्य प्रचार समेत गरिएको छैन। इयन स्कट क्लेमेन्ट निर्देशित 'बासेन्जी'मा असिम निरौला, सुप्रिम राई, मिथिला शर्मा, सरिता गिरी आदिको अभिनय छ भने कुमार भाष्कर निर्देशित 'कौसीद'मा भोलाराज सापकोटा र ऋचा शर्माको मुख्य भूमिका छ।

# सनीका दुवै छोरालाई फापेन बलिउड



मुम्बई । कुनै बेला देओल परिवारले बलिउडमा राज गरेको थियो। ७० को दशकमा धर्मेन्द्र बलिउडका ठूलो 'स्टार' थिए। त्यसपछि उनका दुई छोरा सनी देओल र बबी देओलले पनि लोभलाग्दो सफलता चुमे । अहिले पनि उनीहरुको बलिउडमा रजगज छ। सनीको त नयाँ फिल्म 'गदर २'ले बक्स अफिसमा रेकर्ड नै बनायो। तर, देओल परिवारको तेस्रो पुस्तालाई बलिउड फापेको देखिएको छैन।

सनीका जेठा छोरा करणले २०१९ मा फिल्म 'पल पल दिल के पास'बाट बलिउडमा डेब्यू गरेका थिए। तर, फिल्म बक्स अफिसमा पत्तासाफ हुन पुग्यो । यसपछि न उनले नयाँ फिल्ममा काम गर्ने आँट गरेका छन् न कुनै फिल्मबाट अफर आएको छ । यसैक्रममा, सनीका कान्छा छोरा राजवीरले यही शुक्रबारदेखि प्रदर्शनमा आएको राजश्री प्रोडक्सनको फिल्म 'दोनो'बाट बलिउडमा डेब्यू गरे।

राजवीरको पहिलो फिल्म पनि बक्स अफिसमा डुबेको छ । फिल्मले प्रदर्शनको ५ दिनमा जम्मा १ करोडको आँकडा मात्र नघाएको छ । जबकि, फिल्मको लागत २० करोडमाथि रहेको छ। फिल्मले ३५ लाखको ओपनिङ गरेको थियो। फिल्मलाई यो वर्षको ठूलो 'डिजास्टर' भनिएको छ । समीक्षकले राजवीरको अभिनय पनि रुचाएका छैनन्। तर, उनको लुक्सको भने राम्रो चर्चा भैरहेको छ।

# अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव स्वीकृत

काठमाण्डु । राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसद प्रकाश पन्थले अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव स्वीकृत भएको छ ।

सांसद पन्थले सङ्कल्प प्रस्ताव पेस गर्दै त्यसको औचित्य र कारणबारे जानकारी गराउनु भएको थियो । उहाँले कानुनमा अपाङ्गता भएका व्यक्तिप्रति विभेद हुने व्यवस्थाको अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले उक्त व्यवस्था यथाशीघ्र खारेज, संशोधन वा नयाँ निर्माण गर्ने प्रक्रिया अगाडि बढाउन सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिन आग्रह गर्नुभयो ।



सांसद पन्थले अपाङ्गता भएका व्यक्तिको लागि अवरोधमुक्त तथा मर्यादित जीवनयापनका लागि संविधान तथा कानुनप्रदत्त मौलिक हक तथा नेपाल पक्ष रहेको अपाङ्गता अधिकारसम्बन्धी महासन्धिले सुनिश्चित गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्नु राज्यका सबै निकायको दायित्व भएको बताउनुभयो । प्रस्तावमा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण, विकास र अधिकारको कार्यान्वयनको अनुगमन, अध्ययन तथा अनुसन्धान, योजना तथा नीतिनिर्माणमा सहयोग, अपाङ्गताका सवालमा काम गर्न सबै किसिमका अपाङ्गता समूहको प्रतिनिधित्व हुनेगरी अधिकार सम्पन्न अपाङ्गता अधिकार प्रवर्द्धन प्रतिष्ठान वा आयोग स्थापना गर्न माग गरिएको छ ।

प्रस्तुत प्रस्तावका समर्थक शारदादेवी भट्ट, सिंहबहादुर विश्वकर्मा, तुलप्रसाद विश्वकर्मा, भगवती न्यौपाने, खिमलाल देवकोटा, गङ्गाकुमारी वेल्वासे, रमेशजङ्ग रायमाझी, बामदेव गौतम, विमल घिमिरे, दिलकुमारी रावल थापा (पार्वती), विना पोखरेल, देवेन्द्र दाहाल, महेशकुमार महरा, समित्रा विसी, तुलसाकुमारी दाहाल, डा विमला राई पौडेलले प्रस्तावका विविध पक्षबारे आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।

यसैगरी, बैठकले राष्ट्रियसभा नियमावली संशोधन मस्यौदा समिति गठनसम्बन्धी प्रस्ताव पारित गरेको छ । सांसद रमेशजङ्ग रायमाझीले प्रस्तुत गर्नभएको राष्ट्रियसभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठनसम्बन्धी प्रस्ताव बैठकले सर्वसम्मतिले पारित गरिएको हो ।रासस

# खेलकुदलगायत सबै पूर्वाधार अपाङ्गमैत्री बनाउने प्रधानमन्त्रीको प्रतिबद्धता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले खेलकुदलगायत सबै पूर्वाधार अपाङ्गमैत्री बनाइने सरकारको नीति रहेको बताउनुभएको छ ।

राष्ट्रियसभामा प्रस्तुत अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावमाथि उठेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्रीले आगामी दिनमा हुने पारा ओलाम्पिकमा सहभागी हुने खेलाडीलाई प्रशिक्षणको व्यवस्थालाई थप युवा तथा खेलाडीहरू समावेश हुने व्यवस्थाका लागि विशेष प्रयास गर्नेछु", प्रधानमन्त्रीले भन्नुभयो ।

फरक क्षमता भएका व्यक्तिहरूको श्रमसम्बन्धी तथा रोजगारसम्बन्धी हकलाई सरकारले विशेष प्राथमिकतामा राखेको बताउनुभयो । उहाँले फरक क्षमता भएका व्यक्तिलक्षित रोजगारीमूलक कार्यक्रम सरकार ीस्तरमा सञ्चालन गर्दै आएको बताउनुभयो । उनीहरूको क्षमता र रूचिअनुरूपको कामका लागि



प्रभावकारी बनाइने बताउनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "उचित र पर्याप्त खेल सामग्रीहरूको व्यवस्थाका लागि अनुदान उपलब्ध गराउने कार्यक्रमलाई सरकारले उच्च प्राथमिकतामा राखेको पनि यस सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु ।"

प्रधानमन्त्री दाहालले राष्ट्रियस्तरकापारारविशेषखेलकुद प्रतियोगितालाई निरन्तरता दिँदै प्रदेश र जिल्लास्तरीय प्रतियोगिता आयोजना गर्न सम्बन्धित खेलकुद सङ्घलाई अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको जानकारी दिनुभयो । "पारा ओलम्पिक कमिटीको सिफारिसबमोजिम फरक क्षमता भएका व्यक्तिलाई राष्ट्रिय खेलकुद परिषद्को सदस्यमा मनोनयन गरिनेछ । अब बन्ने युवा तथा खेलुकदसम्बन्धी समितिहरूमा फरक क्षमता भएका स्थानीय सरकारसँगको सहकार्यमा परिणाममुखी काम गर्न सरकार प्रतिबद्ध रहेको उहाँले उल्लेख गर्नुभयो ।

"प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम, गरिबी निवारण कार्यक्रमभित्र अपाङ्गता भएका लाभग्राहीलाई उच्च प्राथमिकता दिइनेछ । आगामी दिनमा यस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाउने सरकारको नीति छ," प्रधानमन्त्री दाहालले भन्नुभयो ।

अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका उद्योगका लागि कच्चापदार्थमा भन्सार छुट दिने व्यवस्था मिलाइने जानकारी दिँदै प्रधानमन्त्री दाहालले उनीहरूबाट उत्पादित सामग्री विशेष संरक्षण गर्ने र स्वावलम्बी जीवनयापनका लागि हरसम्भव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य र शिक्षाप्रति सरकार संवेदनशील रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो, "उनीहरूले पाउनुपर्ने स्वास्थ्य तथा शिक्षासम्बन्धी अधिकारको रक्षाका लागि सरकारले सम्भव भएसम्म सबै प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । अपाङ्गता भएका व्यक्तिहरूका लागि स्थानीय तहबाट निःशुल्क स्वास्थ्य बीमा उपलब्ध गरी उनीहरूलाई दैनिक चाहिने स्वास्थ्य तथा सरसफाइसम्बन्धी सामग्रीहरू स्थानीय स्वास्थ्य संस्थाबाट उपलब्ध हुने व्यवस्था मिलाइने छ ।"

अपाङ्गता भएका व्यक्तिहरूको हकअधिकार उपभोगमा सर्वोच्च अदालतबाट विभिन्न मितिमा भएका आदेशको कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्दैप्रधानमन्त्री दाहालले त्यस्ता व्यक्तिहरूको न्याय प्राप्तिका लागि सरकार सचेत एवं संवेदनशील रहेको बताउनुभयो । हिंसा, शोषण र दुर्व्यवहारमा परेका अपाङ्गता भएका व्यक्तिलाई समान रूपमा न्यायमा पहुँच सुनिश्चित गर्न प्रहरी संयन्त्र, उजुरी प्रक्रिया, बयान लिने प्रक्रिया अपाङ्गता भएका व्यक्तिका लागि सरल, सहज र समावेशी बनाउन सरकारले उच्च प्राथमिकता दिएको उल्लेख गर्नुभयो । रासस

# चाडपर्वमा सडकमा कोही पनि बस्नुपर्दैन भन्ने सुन्दा सन्तोष मिलेको छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले चाडपर्वमा कोही व्यक्ति सडकमा बस्नु नपरोस् भनेर मानव सेवा आश्रमले शुक्रबारदेखि सुरु गरेको मेची महाकाली उद्धार अभियानले आफूलाई निकै सन्तोष मिलेको बताउनुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार साँझ मेची महाकाली उद्धार अभियानमा सरिक आश्रमका अभियन्ताहरुलाई विदाई गर्नुहुँदै प्रधानमन्त्री दाहालले यो अभियानले आफूलाई हर्षित तुल्याएको र चाडपर्वका बेलामा अब असहायलाई सडकबाट उद्धार गरी आश्रय दिनु महत्वपूर्ण विषय भएको बताउनुभयो ।

राजनीतिक दबाब र तनावपूर्ण चुनौती मात्रै नभइ समाजसेवा झन बढी महत्वपूर्ण रहेको अनुभूति गर्ने अवसर यो कार्यक्रमले आफूलाई दिएको उल्लेख गर्दै उहाँले आश्रमको महत्व थाहा पाएसँगै सरकारका तर्फबाट सहयोग गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "आउँदो दिनमा राज्यकोतर्फबाट पनि अझै धेरै जिम्मेवारी लिनुपर्छ भन्ने मैले ठानेको छु, नेपालमा मानवसेवा र सामाजिक सेवाका निम्ति संकल्पका साथ लाग्ने व्यक्तिको कमी छैन भन्ने कुरा आश्रमले स्थापित गरेको छ, बधाई दिन चाहन्छु ।" उहाँले मेची महाकाली यात्रा पूर्ण सफलताको शुभकामना पनि दिनुभयो ।

सो अवसरमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले अत्यन्तै कठिन अवस्थामा रहेका दाजुभाई दिदीबहीनी आमाबुबा र बालबालिकालाई आश्रमले संरक्षण गरिरहेकोमा प्रशंसा गर्नुभयो ।

मुलुकभित्र जति पनि सकारात्मक काम भइरहेका छन् ती सबैलाई जोडेर सामाजिक, आर्थिक रुपान्तरणसहित उन्नतशील राष्ट्र बनाउने अभियानमा सरकारले जोड दिइरहेको उहाँको भनाइ थियो । यस अभियान सफल बनाउनका लागि सरकार आवश्यक सहयोग रहने प्रतिबद्धता पनि जनाउनुभयो ।

कार्यक्रममा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य (मह जोडीले) आश्रमले गरेको पुण्य कामको शब्दमा बयान गर्न नसकिने बताउनुभयो । सो क्रममा मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारीले देशका १९ जिल्लाका २४ शाखामा हाल एक हजार छ सय सहयोगापेक्षी आश्रित रहेको जानकारी दिनुभयो । शुक्रबार प्रधानमन्त्री कार्यालयबाट बिदाइ भएका मेची महाकाली उद्धार अभियानमा सहभागी ३८ जना अभियन्ताले भोलि मेची पुलबाट उद्धार थाल्ने उहाँले जानकारी दिनुभयो ।

कूल ३८ दिनसम्ममा तीन सयभन्दा बढी सडक आश्रित मानवलाई उद्धार गर्ने योजना छ । यसअघि पनि आश्रमले मेची महाकाली अभियान चलाइसकेको छ । आश्रमले विसं २०८२ सम्म देशलाई नै सडक मानव मुक्त बनाउने सङ्कल्प लिएको छ । रासस

# 'विपद् व्यवस्थापनमा सबै वर्गको अपरिहार्य'

काठमाण्डु । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले विपद् व्यवस्थापनमा सबैको साझा प्रयासको खाँचो रहेको बताउनुभएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अन्तरराष्ट्रिय विपद् न्यूनीकरण दिवसका अवसरमा शुक्रबार काठमाण्डुमा आयोजना गरेको कार्यक्रममा गृहमन्त्री श्रेष्ठले मानवीय कारणले धेरै समस्या सृजना भएको र मानवसिर्जित घटना बढिरहेकाले त्यसलाई घटाउन समाजका सबै वर्गको सामूहिक प्रयास अपरिहार्य भएको बताउनुभयो । विपद् व्यवस्थापनलाई सरकारले विशेष ध्यान दिएको उहाँले बताउनुभयो ।

प्राकृतिक विपत्तिका बेला अपाङ्गता भएका व्यक्तिहरू जोखिममा पर्ने भएकाले उनीहरूलाई त्यसबाट जोगाउने सामुदायिक स्तरमा काम हुनुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिनुभयो । "सूचनाको माध्यमबाट प्रभावित परिवारलाई जोगाउनु पहिलो जिम्मेवारी हो । त्यसका लागि आवश्यक नीतिनिर्माण र प्रणालीको विकास गर्न जरुरी छ", मन्त्री श्रेष्ठले भन्नुभयो । रासस

# संस्कार, संस्कृतिको संरक्षण र समृद्धिका लागि होमस्टेको महत्वपूर्ण भूमिका छः मन्त्री महतो

चितवन । वन तथा वातावरणमन्त्री डा वीरेन्द्रप्रसाद महतोले नेपालको कला संस्कृतिको सिको विश्वका देशले गर्न थालेको बताउनुभएको छ । माडीमा शुक्रबारदेखि सुरु भएको घरबास (होमस्टे) महासङ्घको चौथो राष्ट्रिय महाधिवेशनको उद्धाटन गर्दै उहाँले नेपालको संस्कृति संरक्षण र समृद्धिका लागि होमस्टेले ठूलो सहयोग गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "होमस्टेले कला संस्कृति, सभ्यता, परम्परा र संस्कारलाई जीवित राख्न मद्दत गरेको छ ।" नेपालमा मात्रै नभई विश्वमा नै प्रचारप्रसारमा ल्याउन सहयोग गरेको उहाँले बताउनुभयो । उहाँले थप्नुभयो, "हाम्रो परम्परा र संस्कृतिको अध्ययन गर्न विदेशीसमेत आउने गरेका छन् ।" संस्कृति र सभ्यताले धनी देश भएर पनि अतिथि सत्कार ग्रहण गर्न नसकेको उहाँले बताउनुभयो ।

होमस्टेले आर्थिक गतिविधिमा समेत टेवा पुर्‍याउने गरेको उहाँको भनाइ थियो । यस्ता होमस्टेलाई फराकिलोरुपमा अघि बढाउनु आजको आवश्यकता रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो संस्कृति र संस्कार गहनाका रुपमा रहेको छ । यसलाई बचाइ राख्नुपर्छ ।" विश्वका कतिपय देश धनी भएर पनि संस्कृति र सभ्यताको कमीका कारण पछि परेको भन्दै उहाँले संस्कार र संस्कृतिको संरक्षणमा राज्यले सक्दो सहयोग गर्ने बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य ठाकुर ढकाल, माडी नगरपालिका प्रमुख ताराकुमारी काजी महतो, होमस्टे महासङ्घ बागमती प्रदेशका सल्लाहकार श्री प्रसाद दवाडी, महासङ्घका अध्यक्ष प्रेमशङ्कर मर्दनिया, महासचिव कृष्ण चौधरीलगायतले होमस्टे सिटीका रुपमा माडीलाई विकास गर्न आवश्यक रहेको बताउनुभयो । होमस्टेले कला, संस्कृतिको जगेर्ना गर्न मद्दत पुग्ने उहाँहरुको भनाइ थियो ।रासस

# स्वदेश फर्कन चाहनेलाई उद्धार गर्न सरकारको ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसदहरूले इजरायलमा भएको आङ्कवादी आक्रमणका कारण त्रासमा बसेका नेपालीलाई उद्धार गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको शून्य समयमा सांसद विमला सुवेदीले इजरायलमा भएको आङ्कवादी हमलापछि स्वेदश फर्कन चाहने दुई सय चवन्न जनालाई पहिलो खेपमा आज बिहान उद्धार गरिएकामा त्यसको स्वागत गर्दै स्वदेश फर्कन चाहनेलाई सबै नेपालीलाई ल्याउन सरकारसँग आग्रह गर्नुभयो ।



सांसद रघुजी पन्तले इजरायलमा मारिएका व्यक्तिका पारिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्दै सम्पर्कविहीन भएका एक जनाको खोजी गर्न सरकारले कूटनीतिक सक्रियता बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मनिष झाले इजरायलबाट केही नेपालीलाई ल्याइएकामा त्यसको स्वागत गर्दै स्वदेश आउन चाहने सबैलाई ल्याउन सरकारसँग आग्रह गर्नुभयो । सांसद रमा कोइराला पौडेलले इजरायलमा धेरै महिला सुसारे भएर गएकाले घर फर्कन चाहने उनीहरूलाई पनि फर्काउनुपर्नेमा जोड दिनुभयो ।

नेकपा (एमाले)का सांसद भीमप्रसाद आचार्यले शिक्षकका समस्या, स्वास्थ्यकर्मीका समस्या सम्बोधन गर्न माग गर्दै कालोबजारी नियन्त्रणतर्फ पनि ध्यान दिन सरकारसँग आग्रह गर्नुभयो ।

सांसद माधव सापकोटाले खेतबारी बाँझै राख्दा उत्पादन घटेकाले खाद्यान्न उत्पादन वृद्धिका लागि विशेष व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसदहरू मीना तामाङ, मुक्तकुमारी यादव, रामकुमार राई, रणेन्द्र बराली, रञ्जुकुकमारी झाले चाडपर्वका बेला बजार मूल्य नियन्त्रण गर्न सरकार चुकेको आरोप लगाउनुभयो ।

सांसद रामकृष्ण यादवले धनुषा जिल्लामा हुलाकी सडकको अवस्था दयनीय भएकाले तत्काल उक्त सडकको मर्मतसम्भार थाल्न माग गर्नुभयो ।

सांसद रामप्रकाश चौधरीले तराईमधेसका प्रत्येक नगरपालिकामा चाडपर्व लक्षित सुपथ मूल्यका पसल सञ्चालन गर्न सरकारलाई सुझाउनुभयो । नेपाली काङ्ग्रेसका रामहरि खतिवडाले डेङ्गु सङ्क्रमण रोक्न समयमै ठोस प्रयत्न नभए त्यसले भयावह रुप लिने भएकाले समयमै सचेत भएर नियन्त्रणका काममा लाग्नुपर्नेमा जोड दिनुभयो । रासस

# सर्वसम्मतिले स्वीकृत

काठमाण्डु । राष्ट्रियसभाको शुक्रबारको दोस्रो बैठकले 'शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक-२०८० ' माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ । बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । राष्ट्रियसभाका अध्यक्ष गणेश तिमिल्सिनाले उक्त विधेयकमाथिको सैद्धान्तिक छलफलपछि सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभएको हो । उक्त विधेयकमाथिको सैद्धान्तिक छलफलमा सांसदहरू देवेन्द्र दाहाल, सुरेश आलेमगर, सारदादेवी भट्ट, भुवनबहादुर सुनुवार, डा विमला राई पौडेल, नारायणप्रसाद दाहाल, गङ्गाकुमारी वेल्वासे माग लिनुभएको थियो ।

कैलालीको गोदावरी नगरपालिका-४ स्थित निर्माणधीन गेटा मेडिकल कलेजलाई विश्वविद्यालयका रूपमा रुपान्तरण गर्न तथा चिकित्सा शिक्षामा गुणस्तरीय अध्ययन अध्यापन गराउन सरकारले यो विधेयक प्रस्तुत गरेको हो ।रासस

# राष्ट्रपतिसमक्ष दुई आयोगका प्रतिवेदन प्रस्तुत

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष राष्ट्रिय महिला आयोग र मधेसी आयागका प्रतिवेदन प्रस्तुत भएका छन् ।

राष्ट्रपति कार्यालयमा शुक्रबार आयोजित बेग्लाबेग्लै कार्यक्रममा राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले आयोगको १६औँ वार्षिक प्रतिवेदन र मधेसी आयोगका अध्यक्ष डा विजयकुमार दत्तले आफू नेतृत्वको आयोगको प्रतिवेदन प्रस्तुत गर्नुभएको हो ।



त्यस अवसरमा राष्ट्रपति पौडेलले महिलाको हकहित, लैङ्गिक समानता, महिला सशक्तिकरणसँग सम्बन्धित विषयमा आयोगको जिम्मेवारी र दायित्व गहन रहेको बताउँदै धेरै प्रयासका बाबजुद केही क्षेत्रमा महिलाको उपस्थिति आशालाग्दो देखिए पनि जनसङ्ख्याको आधा हिस्सा ओगटेको वर्गको निर्णायक तहमा प्रतिनिधित्व अझै सन्तोषजनक नरहेको बताउनुभयो ।

"राष्ट्रिय जीवनका अन्य महत्वपूर्ण क्षेत्रमा महिलाको उपस्थिति र योगदानलाई अझ प्रभावकारी बनाउनुपर्ने भएको छ, आगामी दिनमा महिला आयोगले अझ सशक्त र प्रभावकारी रूपमा कार्यसम्पादन गर्नेमा म विश्वस्त छु", उहाँले भन्नुभयो । आयोगले आफ्नो संवैधानिक र कानुनी दायित्व पूरा गर्ने क्रममा प्रस्तुत प्रतिवेदनका महत्वपूर्ण विषयलाई नेपाल सरकारले प्रभावकारी रूपमा सम्बोधन गर्ने विश्वास राष्ट्रपतिले व्यक्त गर्नुभयो ।

राष्ट्रपति पौडेलले गाउँघरमा पछाडि परेका महिलाको जीवनस्तर उकास्न सामाजिक अभियान चलाउन आवश्यक भएकामा जोड दिनुभयो ।

यसैगरी, राष्ट्रपति पौडेलले मधेसी आयोगको प्रतिवेदन ग्रहण गर्दै मधेसमा पनि सिङ्गो देशकोजस्तै भाषिक र सांस्कृतिक विविधता रहेको बताउनुभयो । उहाँले नेपालको तराई क्षेत्रमा युगौँदेखि बसोबास गर्दै आएको मधेसी समुदायको भाषा, संस्कृति, वेषभूषा, परम्परा, सभ्यता र संस्कार देशको विविधताजस्तै विविधतापूर्ण रहेको बताउनुभयो ।

राष्ट्रपतिले भन्नुभयो, "नेपाल बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो । मधेसमा पनि भाषा, संस्कृति, वेषभूषा, परम्परा, सभ्यता र संस्कारमा सिङ्गै देशको जस्तै विविधता छ । मधेसमा बोलिने भाषा, त्यहाँका संस्कृति व्यक्ति र समुदायको पहिचान र अपनत्व कायम राख्ने महत्वपूर्ण माध्यम हो ।"

राष्ट्रपतिले देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवम् सहअस्तित्वका आधारमा विभिन्न जातजाति समुदायको भाषा, लिपि, संस्कृति, साहित्य कला र सम्पदाको संरक्षण र विकास गर्ने राज्यको सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति रहेको बताउनुभयो । रासस

# शिक्षा विधेयकमा स्थानीय तहका अधिकार खुम्च्याउन खोजियो : गाउँपालिका महासङ्घ

काठमाण्डु । गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले संसद्मा विचाराधीन विद्यालय शिक्षा विधेयक, २०८० मा स्थानीय तहको अधिकार सङ्कुचित गर्ने प्रयास भएकामा असन्तुष्टि जनाउनुभएको छ । अन्तर्राष्ट्रिय बालिका दिवसका अवसरमा बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) र प्लान नेपालको समन्वयमा महासङ्घको अनामनगरस्थित कार्यालयमा आज आयोजित बालिकालाई जिम्मेवारी हस्तान्तरण कार्यक्रममा उहाँले संविधानले विद्यालय तहको शिक्षाको एकल अधिकार स्थानीय तहलाई दिएको उल्लेख गर्नुभयो । नेपाल शिक्षक महासङ्घलगायतले स्थानीय तहको मातहतमा आफू बस्न अनिच्छा गर्दै आएका छन् । गत भदौ २७ गते प्रतिनिधिसभामा दर्ता भएको सो विधेयक यही असोज २५ गतेको बैठकले दफाबार छलफलका लागि शिक्षा हेर्ने समितिमा पठाएको छ । ध्यक्ष पाण्डेले भन्नुभयो, "संविधान मिच्ने अधिकार कसैलाई छैन । संविधानतः एकल अधिकार हामीले पाएको सवालमा कुनै कानुन बनाएर त्यसलाई खुम्च्याउन मिल्दैन । साझा अधिकारका विषयमा पनि हामीसहितको परामर्शमा सङ्घीय सरकारले कानुन बनाउनुपर्छ । कानुनी सहजता भएमा जनताका घरदैलोमा सिंहदरबार भन्ने मान्यतालाई व्यवहारिकरूपमा लागू गराउन हामी प्रतिबद्ध छौँ ।" छात्राहरू सक्षम भएमा मात्रै देश बन्ने बताउँदै उहाँले कक्षा १० सम्म निःशुल्क शिक्षा दिलाउन र बालिकाहरूको बढ्दो कक्षा छाड्ने प्रवृत्ति घटाउन प्राप्त स्रोत र साधनका आधारमा स्थानीय तहले पहल गरिरहेको जनाउनुभयो । कार्यक्रममा अध्यक्ष पाण्डेले किशोरीहरूलाई समावेशीकरण, सक्षमता र नेतृत्वको अनुभव हासिल गराउन प्रतिकात्मकरूपमा धनुषाकी बालिका मनिषा पण्डितलाई एक दिनका लागि आफ्नो पदीय जिम्मेवारी हस्तान्तरण गर्नुभयो ।रासस

# विपत्ले ३० वर्षमा ३८ खर्ब डलरको बाली नोक्सान

**एएफपी**

पेरिस । प्राकृतिक तथा मानव निर्मित प्रकोपका कारण ३० वर्षमा बाली तथा पशुधनमा ३८ खर्ब अमेरिकी डलर बराबरको नोक्सान भएको सयुंक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले शुक्रबार जनाएको छ।

बाढी, खडेरी, किराको प्रकोप, आँधी, रोग तथा युद्धका कारण सन् १९९१ देखि २०२१ को बीचमा प्रतिवर्ष एक खर्ब २३ अर्ब डलर बराबरको खाद्यान्न उत्पादन गुमाएको एफएओले एक प्रतिवेदनमा जनाएको छ। यो कूल उत्पादनको पाँच प्रतिशत तथा प्रतिवर्ष आधा अर्ब मानिसलाई खुवाउन पुग्ने खाद्यान्न रहेको समेत प्रतिवेदनमा उल्लेख छ।

एफएओले पहिलो पटक विश्वव्यापी तथा व्यक्तिगत दुवै स्तरमा प्रकोपकोलागत मापन गर्ने उद्देश्यले यस्तो अनुमान सङ्कलन गर्ने प्रयास गरेको हो।

"अन्तराष्ट्रिय समुदायले यो तथ्यको समीक्षा गर्दा सन् १९७० को दशकदेखि प्रकोपहरू चौगुनाले बढ्दै गएको छ, यसले खाद्य उत्पादनको प्रभावलाई बढाएको छ", एफएओका तथ्याङ्क विभागका उपप्रमुख पिइरो कोन्फोर्टीले भन्नुभयो।

एफएओका अनुसार प्रकोपको गम्भीरता र तीव्रता बढ्दै गएको छ। सन् १९७० को दशकमा प्रतिवर्ष हुने यस्ता प्रकोपका घटना एक सयबाट बढेर पछिल्लो २० वर्षमा प्रतिवर्ष चार सय पुगेको छ। यसका लागि मानव र पशुजन्य रोगका साथै मौसम परिवर्तन बढ्दो जिम्मेबार रहेको एफएओको भनाइ छ।

"बाढी, खडेरी, पानीको अभाव, जैविक विविधतामा भएको क्षति र वातावरणीय ह्रासजस्ता असङ्ख्य जोखिमका कारण विश्वभर कृषि क्षेत्र बढ्दो जोखिमले अवरुद्ध छन्", एफएओले भनेको छ। एफएओले जलवायु परिवर्तन महामारी र सशस्त्र द्वन्द्वका कारण विपत् जोखिमको प्रणलीगत चालकहरु पहिचान गरेको छ , छिटै क्षतिको विवरण थपिदै छ।

औषत वार्षिक अन्न नोक्सान ६९ मिलियन टन अर्थात फ्रान्सको वार्षिक उत्पादन बाराबर रहेको जनाएको छ। यसैगरी बरीब ४० मिलियन टन फलफुल र तरकारी उत्पादन नष्ट भएको छ ,१६ मिलियन टन माछा मासु र अण्डा उत्पादन नष्ट भएको छ। विपदका कारण कृषि क्षेत्रमा करीव २३ प्रतिशत नोक्सानी भएको उल्लेख गरेको छ।

एफ ए ओ का अनुसार गरीव राष्ट्रहरुले कृषि उत्पादनमा १० प्रतिशत सम्म क्षेति बेहोरीरहेका छन्। जस मध्ये एसिया सबै भन्दा धेरै प्रवाभित क्षेत्र हो जसले विपतका कारण कुल कृषिको ४५ प्रतिशत र क्षेतिको चार प्रतिशत गुमाएको छ।

# हमासमाथि अरबको दबाब बढाउने प्रयासमा ब्लिङ्केन

**एएफपी**

अम्मान। अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले शुक्रबार अरब मुलुकका राजधानीहरूको भ्रमण सुरु गर्नुभएको छ। हमासको आतङ्कवादी हमलापछि इजराइलले गाजापट्टीमा सम्भावित ठूलो हमलाको तयारी गरिरहेको बेला हमासमाथि अरब राष्ट्रहरूको दबाब बढाउने खोजीमा उहाँले अरब मुलुकहरूको भ्रमण सुरु गर्नुभएको हो।

उहाँले लामो समयदेखिको अमेरिकाको साझेदार जोर्डनका राजा अब्दुल्लाह द्वितीय र ब्लिङ्केनले बिहीबारको दिन तेल अविवमा बिताउनुभयो। हमासको उक्त आक्रमणमा इजराइलमा एक हजार दुई सयभन्दा बढीको मृत्यु भएको छ भने एक सय ५० भन्दा बढीलाई हमास लडाकु समूहले बन्धक बनाएको छ।

हमासको आक्रमणपछि इजराइलले गाजापट्टीमा गरेको हमलामा एक हजार चार सयभन्दा बढीको मृत्यु भएको छ। साथै इजराइलले गाजापट्टीमा खाद्यान्न, पानी र विद्युत् आपूर्ति बन्द गरिदिएको छ। हमासको लामो समयदेखि सम्बन्ध जारी राख्नेछौँ", तेल अविवमा बिहीबार अबेर ब्लिङ्केनले भन्नुभयो, "अरब क्षेत्रलाई अधिक शान्तिपूर्ण, अधिक समृद्ध, अधिक सुरक्षित र अधिक एकीकृत बनाउनका लागि हाम्रो सकारात्मक दृष्टिकोणलाई कसरी साकार बनाउन सक्छौँ भन्नेबारेमा पनि हामी छलफल गर्नेछौँ, वास्तवमा यो एउटा विकल्प हो र केही हदसम्म यो विकल्प हमासको कामभन्दा पनि स्पष्ट भएको छ।"

हमासको आक्रमणभन्दा केही साताअघि साउदी अरेबियाले इजराइलसँगको

प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बाससँग अम्मानमा भेट गर्नुहुनेछ। त्यसपछि उहाँले कतार, साउदी अरेबिया, इजिप्ट र संयुक्त अरब इमिरेट्स (युएई) को भ्रमण गर्नुहुनेछ। गत शनिबार हमासको आश्चर्यजनक हमलापछि अमेरिकी सहयोगी इजराइलसँग अटुट एकताको प्रतिबद्धता व्यक्त गर्दै विदेशमन्त्री रहेको कतारलाई बन्धकहरूलाई मुक्त गराउन मध्यस्थकर्ताको रूपमा हेरिएको छ। विदेशमन्त्री ब्लिङ्केन जोर्डनपछि तुरुन्तै कतार जानुहुनेछ।

"द्वन्द्वलाई थप चर्काउनबाट रोक्न सहयोग गर्न र बन्धकहरूलाई बिनाशर्त तुरुन्त रिहा गर्न हमाससँग आफ्नो प्रभावको प्रयोग गर्न अरब मुलुकहरूमाथि दबाबलाई सम्बन्धलाई सामान्यीकरण गर्ने अमेरिकी नेतृत्वको कूटनीतिको प्रगतिबारे उल्लेख गरेको थियो। इस्लामहरूको दुई पवित्र स्थलको संरक्षकसमेत रहेको रूढिवादी साउदी अरेबियाका लागि उक्त कूटनीतिक प्रयास ऐतिहासिक कदम हो। इजराइलसँग शान्ति कायम गर्ने पहिलो अरब मुलुक इजिप्टसँग

अमेरिकी अधिकारीहरूले गाजाबाट बन्धकहरूलाई बाहिर निकाल्न सुरक्षित कोरिडोरको योजनामा काम गरिरहेका छन्। इजिप्ट गाजाको सीमा पनि हो। गाजा छोड्न वा त्यहाँबाट बाहिर निस्कन चाहने नागरिकहरूका लागि सुरक्षित बाटोको सम्भावनाबारे इजराइलसँग आफूले कुरा गरेको ब्लिङ्केनले बताउनुभयो।

हमासको लामो समयदेखिको शत्रु र झण्डै ८८ वर्ष पुग्नुभएका महमुद अब्बासको प्यालेस्टिनी अथोरिटीले पश्चिम किनारमा सानो स्तरको स्वायत्तता पाएको छ। पश्चिम किनारमा रहेको गाजापट्टीमाथि हमासको नियन्त्रणका कारण इजराइलले १७ वर्षदेखि गाजापट्टीमाथि प्रतिबन्ध लगाएको छ। राष्ट्रपति जो बाइडेन र अन्य डेमोक्र्याट्सहरूको नेतृत्वमा रहेको अमेरिकाले प्यालेस्टिनी अथोरिटीलाई ठूलो मात्रामा समर्थन गर्दै आएको छ। प्यालेस्टिनी अथोरिटीलाई इजराइलसँगको दीर्घकालीन शान्तिका लागि उनीहरूले उत्तम विकल्पका रूपमा हेर्दै आएका छन्।

तर हिंसा रोक्न अब्बास यथेष्टरूपमा प्रतिबद्ध नभएको भन्दै इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले प्यालेस्टिनी अथोरिटी र अब्बासलाई पन्छाउन खोज्नुभएको छ। उहाँको उग्र दक्षिणपन्थी सरकारले दुई राज्य समाधानको सम्भावनालाई अस्वीकार गर्दै आएको छ। जोर्डनका राजा अब्दुल्लाहसँगको भेटपछि बिहीबार अब्बासले द्वन्द्वका बारेमा सार्वजनिक टिप्पणी गर्नुभयो। उहाँले प्यालेस्टिनी जनतामाथिको व्यापक आक्रमणलाई तुरुन्त अन्त्य गर्न आह्वान गर्दै दुवै पक्षबाट भएको नागरिकहरूको हत्या वा उनीहरूमाथि हुने दुर्व्यवहार अस्वीकार्य छ भन्नुभयो। यसअघिअमेरिकी विदेशमन्त्री ब्लिङ्केनले हमासले गरेको हमलाका बारेमा अब्बाससँग टेलिफोनमा कुराकानी गर्दै हिंसाको भर्त्सना गर्न र पश्चिम किनारमा स्थिरता कायम राख्न आग्रह गर्नुभएको थियो।

# गाजा सहर खाली गर्न सर्वसाधारणलाई इजराइली सेनाको आदेश

**एपी**

जेरुसेलम । इजराइली सेनाले शुक्रबार गाजाका २३ लाख जनतामध्ये करिब आधालाई उक्त सहर खाली गर्न आदेश दिएको संयुक्त राष्ट्रसङ्घका एक अधिकारीले बताएका छन्। इजराइलमाथि हमासको भयानक आक्रमणपछि हमास लडाकु समूहलाई निमिट्यान्न पार्ने लक्ष्यका साथ जमिन आक्रमण गर्नुअघि सेनाले उक्त आदेश दिएको हो।



उक्त आदेशले यस अघिदेखि नै इजराइली हवाईहमला र नाकाबन्दीको सामना गरिरहेका सर्वसाधारण र सहायताकर्मीहरू आतङ्कित भएका छन्। इजराइली सेनाले गाजा सिटीका लाखौं नागरिकलाई गहिरो दक्षिणी गाजापट्टी (साँघुरो तटीय क्षेत्र) तर्फभाग्न चेतावनी दिँदै बिहान गाजा सिटी खाली गर्ने आदेश दिएको थियो।

गाजा सिटीका सुरुङमुनि हमास लडाकुहरू लुकेर बसेको इजराइलको आदेशमा आरोप लगाइएको थियो। "यो निष्कासन तपाईं आफ्नै सुरक्षाका लागि हो", गाजा सिटीका नागरिकहरूलाई पठाइएको चेतावनीमा इजराइली सेनाले भनेको छ।

बिहीबार संयुक्त राष्ट्रसङ्घले इजराइली सेनाबाट न्युयोर्कमा उत्तरी गाजाका सबै ११ लाख सर्वसाधारणलाई दक्षिणतिर भाग्न २४ घन्टाको समय दिएको एउटा छुट्टै निर्देशन प्राप्त गरेको बताएको छ। सन् २००७ देखि गाजामा शासन गरेको हमासले उक्त आदेशलाई खारेज गरेको छ। उसले प्यालेस्टिनीहरूलाई आफ्नो घरमै रहन र कब्जा गरेर छेडिएको मनोवैज्ञानिक युद्धको सामना गर्न दृढ रहन आह्वान गरेको छ।

"यो अराजकता हो, के गर्नुपर्ने कसैले बुझेको छैन", गाजा सिटीमा संयुक्त राष्ट्रसङ्घ प्यालेस्टिनी शरणार्थी एजेन्सीकी अधिकारी इनास हमदानले भन्नुभयो। उहाँले गाजा सिटी र उत्तरी गाजामा रहेका राष्ट्रसङ्घका सबै कर्मचारीहरूलाई दक्षिणी रफाहमा जान भनिएको बताउनुभयो।

# सामाजिक सञ्जाल एक्सले हमास सम्बद्ध सयौँ खाता हटायो

**एएनआई**

क्यालिफोर्निया। इजराइलमा हमासको हालैको आक्रमणपछि सामाजि सञ्जाल एक्स (यसअघि यसको नाम ट्विटर थियो) ले हमास सम्बद्ध सयौँ खाताहरू हटाएको छ। "आतङ्कवादी सङ्गठनहरूलाई एक्समा कुनै स्थान छैन" भन्दै उसले खाता बन्द गरेको हो।

"एक्स सार्वजनिक कुराकानीको सेवाका लागि प्रतिबद्ध छ, विशेषगरी यस्ता महत्वपूर्ण समयमा एक्सको प्लेटफर्ममार्फत प्रसारित हुनसक्ने कुनै पनि अवैध सामग्रीलाई सम्बोधन गर्नुपर्ने महत्वलाई एक्सले बुझेको छ", एक्सका प्रमुख कार्यकारी अधिकृत लिन्डा याकारिनोले भन्नुभयो, "आतङ्कवादी सङ्गठन र हिंसात्मक अतिवादीहरूलाई एक्समा कुनै स्थान छैन र हामी सही समयमा सक्रिय समूहसहितका यस्ता खाताहरू हटाउन जारी राख्छौँ।"

युरोपेली युनियन उद्योगका प्रमुख थिएरी ब्रेटोनले एक्सका मालिक एलन मस्कलाई जारी गर्नुभएको २४ घन्टे अल्टिमेटमले एक्सलाई ती खाता हटाउने परि स्थिति बनाएको थियो। ब्रेटोनले एक्समा दुष्प्रचारको सामना गर्न र नयाँ इयु अनलाइन सामग्री नियमहरूको पालना गर्न आग्रह गर्दै मस्कलाई अल्टिमेटम दिनुभएको थियो। ब्रेटोनले युरोपेली युनियनभित्र अवैध सामग्री र दुष्प्रचारमा एक्सको कथित प्रयोगप्रति चिन्ता व्यक्त गर्नुभएको थियो।

इयुको नयाँ डिजिटल सर्भिस कानूनअन्तर्गत एक्स र मेटाको फेसबुक जस्ता ठूला अनलाइन प्लेटफर्मलाई अवैध सामग्री हटाउन र सार्वजनिक सुरक्षाका साथै नागरिक बहसमाथिको खतरालाई सम्बोधन गर्न सक्रिय उपाय अवलम्बन गर्न आवश्यक छ।

थिएरी ब्रेटोनले गत सोमबार इजराइलमा भएको हमलापछि आफ्नो प्लेटफर्ममार्फत भएका दुष्प्रचारको सामनाका लागि गरिएका कारवाहीका बारेमा जानकारी दिन मेटा (फेसबुक) लाई पनि २४ घन्टाको समय दिनुभएको थियो।

# रुसी ओलम्पिक समिति निलम्बन




**सिन्ह्वा**

मुम्बई । अन्तर्राष्ट्रिय ओलम्पिक समिति (आईओसी) ले रुसी ओलम्पिक समिति (आरओसी) लाई निलम्बन गरेको छ। बिहीबार मुम्बईमा बसेको आईओसीको कार्यसमितिको बैठकले आरओसीलाई निलम्बन गर्ने निर्णय गरेको हो।

यद्यपि पेरिस-२०२४ मा रुसी खेलाडीहरूलाई तटस्थरूपमा प्रतिस्पर्धा गर्न अनुमति दिने वा नदिने भन्नेबारे अहिलेसम्म कुनै निर्णय भएको छैन।

"युक्रेनको राष्ट्रिय ओलम्पिक सङ्गठन (एनओसी) को अधिकारमा रहेका क्षेत्रीय खेल सङ्गठनहरू (डोनेट्स्क, खेर्सन, लुहान्स्क र जापोरिज्जिया) लाई सदस्यका रूपमा सन् २०२३ अक्टोबर ५ मा रुसी ओलम्पिक समिति (आरओसी) ले समावेश गर्न लिएको एक पक्षीय निर्णय ओलम्पिक चार्टरको उल्लङ्घन हो किनकी ओलम्मिक चार्टरअनुसार अन्तर्राष्ट्रिय ओलम्पिक समिति (आईओसी) द्वारा मान्यताप्राप्त युक्रेनको एनओसीको क्षेत्रीय अखण्डताको उल्लङ्घन गरेको छ", आईओसीले एक विज्ञप्तिमा भनेको छ।

आईओसीको उक्त निर्णयसँगै ओलम्पिक चार्टरले परिभाषित गरेअनुसार अब आरओसीलाई राष्ट्रिय ओलम्पिक समितिका रूपमा सञ्चालन गर्ने अधिकार हुने छैन। विज्ञप्तिमा अब आरओसीले ओलम्पिक अभियानबाट कुनै रकमसमेत प्राप्त गर्न सक्ने छैन।

विज्ञप्तिमा आईओसीले भनेको छ, "पेरिस-२०२४ ओलम्पिक प्रतियोगिता र मिलानो कोर्टिना-२०२६ शीतकालीन ओलम्पिक प्रतियोगितामा रुसी राहदानीधारी व्यक्तिगत तटस्थ खेलाडीहरूको सहभागिताबारे उचित समयमा निर्णय गर्ने अधिकार समितिले सुरक्षित गर्दछ।"

# केन्यामा २८ लाख मानिसलाई खाद्य सहयोगका आवश्यकता

**सिन्ह्वा**

नैरोबी । निरन्तर सुक्खाका कारण केन्याका सुक्खा र अर्धसुक्खा क्षेत्रका करिब २८ लाख मानिसलाई खाद्य सहायताको आवश्यकता रहेको केन्याको राष्ट्रिय खडेरी व्यवस्थापन प्राधिकरण (एनडीएमए) ले बिहिबार जारी गरेको एक प्रतिवेदनमा जनाइएको छ।

एनडीएमएले सुक्खा प्रभावित मानिस विभिन्न २३ वटा काउन्टीमा रहेको उल्लेख गरेको छ। तीमध्ये १८ काउन्टी सामान्य खडेरीको चरणमा तथा बाँकी पाँच काउन्टी उच्च सतर्कता अपनाउनु पर्ने चरणमा रहेको र निगरानी आवश्यक रहेको जनाएको छ। प्रतिवेदनले ५२ प्रतिशत काउन्टीको पोषण अवस्था औसतभन्दा बढी तथा ११ वटाको बिग्रिँदै गएको जनाएको छ। "यसअघिको असफल मौसमका कारण कमजोर पोषण स्थिति देखिएको हो" एनडीएमएले भनेको छ।

प्रतिवेदनले तापक्रममा भएको वृद्धिका कारण अधिकांश सुक्खा क्षेत्रमा वनस्पति फस्टाउन नसकेको पाइएको उल्लेख गरेको छ। एनडीएमएले अक्टोबरदेखि डिसेम्बरसम्म हुने वर्षाको मौसममा सुक्खा क्षेत्रको कठिन अवस्थामा सुधार आउने अपेक्षा गरेको छ।


केन्या र अफ्रिकामा अक्टोबरको मध्यदेखि वर्षा सुरु भएसँगै बाढीले प्रभाव नपर्ने क्षेत्रमा सकारात्मक प्रभाव पार्ने अनुमान गरिएको छ।

# आईएमएफ र विश्व बैंकद्वारा गरिबी र जलवायु परिवर्तनका लागि थप कोष माग

**एएफपी**

मराकेश । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) र विश्व बैंकका प्रमुखहरूले गरिबी र जलवायु परिवर्तनसँग जुध्न गरिब देशहरूलाई सहयोग पुऱ्याउन विश्वव्यापी ऋणदाताहरूको आर्थिक सहायता बढाउन सदस्य राष्ट्रहरूलाई आग्रह गरेका छन्।

सन् १९७३ पछि अफ्रिकी भूमिमा पहिलो पटक आईएमएफ र विश्व बैंकको वार्षिक बैठक मोरक्कोको माराकेशमा विश्वका अर्थमन्त्री र केन्द्रीय बैंकका गभर्नरहरूबीच भएको साताव्यापी वार्तामा उनीहरूले यस्तो आग्रह गरेका हुन्। विश्व बैंकका अध्यक्ष अजय बङ्गाले गत जुनमा पदभार ग्रहण गरेयता गरेको पहिलो औपचारिक सम्बोधनमा भन्नुभयो, "गरिबीविरुद्धको लडाइँमा हामीले घट्दो प्रगतिको सामना गरिरहेका छौं।"




उहाँले भन्नुभयो, "हामीले अस्तित्वको जलवायु सङ्कट, खाद्य असुरक्षा, कमजोरी, महामारीपछि पुन : उत्थानको सामना गरिरहेका छौं र हामी सबैले द्वन्द्वको प्रभाव महसुस गरिरहेका छौं।" बङ्गाले थप्नुभयो, "विश्वले 'अन्तरसम्बन्धित चुनौतीहरू र भूराजनीतिक जटिलताकोपूर्णआँधीबेहरीकोसामना गरिरहेको छ जसले असमानतालाई अझ बढाउँछ।"

भारतीय मूलका अमेरिकी नागरिकले विकसित र विकासोन्मुख राष्ट्रबीच 'बढ्दो अविश्वास' बारे चेतावनी दिएका छन्। "ग्लोबल साउथको निराशा बुझ्न सकिन्छ। धेरै तरिकाले उनीहरूले अरूको समृद्धिका लागि मूल्य चुकाइरहेका छन्," उहाँले सम्मेलनको पूर्ण सत्रमा भन्नुभयो।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बङ्गालाई डेभिड माल्पासको उत्तराधिकारीको रूपमा मनोनीत गरेदेखि नै उहाँले विद्यमान बैङ्किङ नीतिमा परिवर्तनको लागि जोड दिनुभएको छ। माल्पासले जलवायु परिवर्तनको बारेमा राष्ट्रपति बाइडेनको अडानको बारेमा प्रश्न उठाएपछि बढेको तिक्ततासँगै आफ्नो पाँच वर्षे कार्यकालबाट राजीनामा दिनुभएको थियो। "आज विश्व बैंकका लागि नयाँ दृष्टिकोण र मिसन आएको छ र त्यो जीउन योग्य यस ग्रहमा गरिबीमुक्त विश्व निर्माण गर्न हो," बङ्गाले भन्नुभयो, "तर समय सारको हो।" ब्यालेन्स सिट परिवर्तन र सदस्यहरूको योगदानको माध्यमबाट विश्व बैंकका प्रमुखले आगामी दशकमा आफ्नो ऋण क्षमतामा १५० अर्ब डलरभन्दा बढी थप्न सक्ने बताउनुभएको छ। तर गरिब राष्ट्रलाई शून्य र कम ब्याजमा ऋण उपलब्ध गराउने अन्तर्राष्ट्रिय विकास संघ (आइडिए) लाई बढावा दिन बङ्गाले सदस्यहरूलाई आह्वान गर्नुभएको छ।

"हामी यो धेरै महत्वपूर्ण छुटसम्बन्धी संसाधनको सीमाहरू धकेल्दैछौं र रचनात्मक वित्तीय ईन्जिनियरिङको कुनै पनि मात्राले हामीलाई थप कोषको आवश्यकता छ भन्ने तथ्यको लागि क्षतिपूर्ति गर्दैन," उहाँले भन्नुभयो।


मास्टरकार्डका पूर्व प्रमुख कार्यकारी अधिकृतले भन्नुभयो, "यसले हामी सबैलाई आईडीएको अर्को पुनःपूर्तिलाई अहिलेसम्मकै सबैभन्दा ठूलो बनाउन प्रेरित गर्नुपर्छ।"आर्थिक वर्ष २०२२/०२५ का लागि सन् २०२१ मा ९३ अर्ब अमेरिकी डलरको वित्तीय प्याकेज स्वीकृत गरिएको थियो। दाताहरू प्रत्येक तीन वर्षमा आईडीए स्रोतहरू भर्न भेला हुन्छन्।

सम्मेलनमा अन्तर्राष्ट्रिय मुद्रा कोषकी प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाले विश्व अर्थतन्त्र सुस्त भइरहेको र न्यून आय भएका आधाभन्दा बढी मुलुक ऋण सङ्कटको उच्च जोखिममा रहेको बताउनुभएको छ।

# बेइजिङमा इजराइली दूतावासका कर्मचारीमाथि आक्रमण

**एएफपी**

बेइजिङ । शुक्रबार बेइजिङस्थित इजराइली दूतावासका एक कर्मचारीमाथि आक्रमण भएको इजराइलको विदेश मन्त्रालयले जनाएको छ। "आज बेइजिङमा इजराइली दूतावासका एक इजराइली कर्मचारीमाथि आक्रमण भएको छ", दूतावासको परिसरमा आक्रमण नभएको उल्लेख गर्दै विदेश मन्त्रालयको विज्ञप्तिमा भनिएको छ, "ती कर्मचारीको अस्पतालमा उपचार भइरहेको छ र उनको अवस्था स्थिर रहेको छ, आक्रमणको कारण पत्ता लगाउने प्रयास भइरहेको छ।"



गत शनिबार आश्चर्यजनक हमलामा हमासका बन्दुकधारीहरूले इजराइलमा एक हजार दुई सयभन्दा बढीको हत्या र करिब एक सय ५० जनालाई बन्धक बनाएपछि दूतावासका कर्मचारीमाथि आक्रमणको घटना भएको छ।

राइलले बदलास्वरूप गाजापट्टीमा हमासका लक्ष्यहरूमा हवाई आक्रमणसँगै तोप वर्षाएर एक हजार तीन सय ५० भन्दा बढीलाई मारेको छ। हमासले इजराइली र यहुदीमाथि हमला गर्नका लागि विश्वभरका आफ्ना समर्थकहरूसँग शुक्रबार 'क्रोध दिवस' मनाउन आह्वान गरेको इजराइली विदेश मन्त्रालयले वेबसाइटमार्फत जारी गरेको विज्ञप्तिमा चेतावनी दिएको छ। "विभिन्न देशमा विरोधका घटनाहरू हिंसात्मक बन्न सक्छन् भन्ने अनुमान गर्नु उचित छ", विज्ञप्तिमा भनिएको छ। शुक्रबार अपराह्न उत्तरपूर्वी बेइजिङको एक कूटनीतिक छिमेकमा रहेको इजराइली दूतावास सामान्यरूपमा सञ्चालन भएको देखिएको एएफपीका एक पत्रकारले बताए।

सुरक्षाकर्मीहरूले उक्त क्षेत्र नखिच्न एएफपीलाई आग्रह गरेका थिए। बाहिरबाट त्यहाँ कुनै निगरानी भइरहेको देखिएको थिएन। उक्त घटनाबारे चीनको विदेश मन्त्रालयले तत्काल कुनै प्रतिक्रिया दिएको छैन।

# भारतको पश्चिम बङ्गालमा कोइला खानी भत्किँदा तीन जनाको मृत्यु, कैयौँ फसेको आशङ्का

**सिन्ह्वा**

नयाँ दिल्ली। भारतको पूर्वी राज्य पश्चिम बङ्गालमा रहेको कोइला खानी भत्किँदा कम्तीमा तीन जनाको मृत्यु हुनुका साथै अन्य कैयौँ फसेको अधिकारीहरूले शुक्रबार बताएका छन्। स्थानीय सञ्चारमाध्यमका अनुसार बेपत्ताको स२्या करिब १० जना रहेको छ। पश्चिम बङ्गालको राजधानी कोलकाताबाट करिब १९७ किलोमिटर उत्तरपश्चिममा पर्ने पश्चिम बर्धमान जिल्लाको रानीगञ्ज क्षेत्रमा रहेको नारायणकुरी कोलियरीभित्र कोइला उत्खननको काम गरिरहेका बेला बुधबार दिउँसो कोइला खानी भत्किएको हो।

"कोइला खानी भत्किँदा तीन जनाको मृत्यु भएको छ र उनीहरू स्थानीय बासिन्दा रहेको पहिचान भएको छ," एक प्रहरी अधिकारीले भने। उनले भने, "अरू धेरै हराइरहेका हामीलाई जानकारी प्राप्त भएको छ। उनीहरूभित्र फसेको आशङ्का गरिएको छ।"फसेका कामदारको खोजी तथा उद्धार कार्य जारी रहेको प्रहरीले जनाएको छ।

# सात सय ३१ झोलुङ्गे पुल निर्माण गरिने

काठमाण्डु । देशभरमा यस वर्ष सात सय ३१ पुलको निर्माण गरिने भएको छ । यीमध्ये कतिपय गत वर्षका निर्माणाधीन झोलुङ्गे पुलका योजना रहेको र कतिपय अहिले थप भएका रहेका स्थानीय पूर्वाधार विभागले जनाएको छ । पुराना सम्पन्न हुने र नयाँ योजना थपिँदै जानु नियमित नै हुने विभागका प्रवक्ता महेशचन्द्र न्यौपानेले बताउनुभयो ।

गत वर्ष सात सय ४१ को निमार्ण पूरा भएको स्थानीय पूर्वाधार विभागले जनाएको छ । गतवर्ष सात सय २० निर्माण गर्ने लक्ष्य लिइएकामा त्योभन्दा २१ बढी पुल सम्पन्न भएका थिए । सङ्घ, प्रदेश र स्थानीय सरकारबाट सम्पन्न भएका थिए । प्रदेश र स्थानीय तहबाट पुल निर्माणका लागि पनि सहजीकरण भने सङ्घीय सरकारले गर्दै आएको छ ।

गत वर्षहरूमै सुरु भएका धेरै पुलहरू रहेकामा तीमध्ये सात सय २० सकिन्छ भन्ने भए पनि त्यसमा बढी भएको प्रवक्ता न्यौपानेले बताउनुभयो । उहाँले भन्नुभयो, “समग्रमा झोलुङ्गे पुलको प्रगति राम्रो रहेको छ ।” अहिलेसम्म कम्तीमा प्रत्येक घण्टामा झोलुङ्गे पुल वा पुल हुने गरी निर्माण गरिरहेको उहाँले बताउनुभयो । सरकारले एक घण्टाको फेरो (पैदल यात्रा गर्ने दूरी) मा झोलुङ्गे पुल हुनुपर्ने मापदण्ड परिवर्तन गरेर अहिले आधा-घण्टामा हुने गरी बनाउन लागेको छ । नागरिकले सजिलै र छिटो सेवासुविधा पाउनुपर्ने मान्यताका आधारमा गर्न लागिएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, “पहिलेको मापदण्डानुसार नै अझै केही बनाउन बाँकी छ ।”सरकारले खासगरी ग्रामीण क्षेत्रमा नागरिकलाई नदी पार गर्नका लागि झोलुङ्गे पुल निर्माण गरिरहेको छ ।रासस

# ब्याजदर घटाउन पर्यटन व्यवसायीको माग

कास्की । होटल सङ्घ पोखराले कोरोना महामारीका कारण थला परेको पर्यटन व्यवसायलाई टिकाउन सहजीकरणको माग गर्दै नेपाल राष्ट्र बैंकलाई ध्यानाकर्षण पत्र बुझाइएको छ । सङ्घले नेपाल राष्ट्र बैंकको निर्देशिकामा व्यवस्था भएअनुसार पर्यटन क्षेत्रमा लगानी गरिएको कर्जाको पुनःतालिकीकरण, पुनःसंरचना र पुनःलगानीको व्यवस्था प्राथमिकताका साथ हुनुपर्ने भन्दै गर्भनर महाप्रसाद अधिकारीको ध्यानाकर्षण गराएको हो ।



सङ्घको एक टोली नेपाल राष्ट्र बैंकको पोखरा कार्यालय पुगेर कार्यालयका निर्देशक आर्या जोशीलाई ध्यानाकर्षण पत्र बुझाएको हो । होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले कोभिड १९, रुस-युक्रेन युद्ध, पोखरा आउने अस्तव्यस्त राजमार्ग र यति एयरको जहाज दुर्घटनाको असरले पोखराको पर्यटन थला परेको बताउनुभयो ।

विभिन्न कारणले पोखरामा पर्यटक आगमन घटेको भन्दै अध्यक्ष सुवेदीले बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने कर्जाको साँवा तथा ब्याज तत्कालका लागि बुझाउन असमर्थ रहेको अवगत गराउनुभएको छ ।

लामो अवधिको लागि किस्ताबन्दीमा तिर्ने, बुझाउने व्यवस्था हुनुपर्ने माग राख्दै सङ्घ बैंक तथा वित्तीय संस्थाले कुनै प्रकारको जरिवाना शुल्क लिन नपाउने तथा व्यवसायीलाई कर्जा भुक्तानी गर्न बाध्यकारी बनाउन नपाउने तथा व्यवसायीको धितो लिलामी गर्ने जस्ता कार्य हाललाई बाध्यकारी नगर्न सङ्घले ध्यानाकर्षण गराएको छ । “पर्यटन व्यवसायमा वाणिज्य बैंकहरुले गर्ने लगानी अनिवार्य ढङ्गले टोकनका रुपमा गर्ने व्यवस्था गर्दै आर्थिक सङ्कटको समयमा गरिएको लगानीको जोखिमलाई कम गर्न उच्च ब्याजदरमा रहेको ऋणलाई न्यूनतम ब्याजदर कायम गर्न बैंकहरुलाई परिपत्र गरियोस”, ध्यानाकर्षण पत्रमा उल्लेख छ ।

पर्यटन क्षेत्रमा भएको लगानीको ब्याजदर एकल अङ्कमा हुने व्यवस्था गरिनुपर्ने, ब्याजमा आधार दर मात्र कायम गरिनुपर्ने, कोभिड र त्यसपछिको बिग्रदो आर्थिक अवस्थालाई मध्यनजर गरी पर्यटन क्षेत्रको अडिट प्रतिवेदनमा वासलातमा कूल सञ्चालन मुनाफा लगातार ऋणात्मक भई बैंकले ऋण प्रवाहमा अवरोध गर्ने गरेको व्यवस्थालाई हटाइनुपर्ने र विद्युत् उत्पादनको लगानीमा रहेको व्यवस्था पर्यटन क्षेत्रमा लागू गरिनुपर्ने सङ्घको माग छ ।

हाल आय-आम्दानी नभएको कारणले नगद प्रवाहमा देखिएको समस्यालाई सम्बोधन गर्न बैंकहरुले सम्पत्तिको वास्तविक मूल्याङ्कन गरी ८० प्रतिशत ऋण प्रवाह गरिनुपर्ने, हाल आर्थिक सङ्कटबाट सबैभन्दा धेरै पर्यटन व्यवसाय आक्रान्त भएको हुँदा विशेष व्यवस्था गरी थप सहुलियत ऋण प्रदान गरिनु पर्ने माग पनि सङ्घको रहेको छ । वातावरणीय अध्ययनको ढिलाइका कारणले नवीकरण हुन नसकेका होटल उद्योगलाई सहज रुपमा नेपाल राष्ट्र बैंकबाट विदेशी मुद्रा कारोबार अनुमतिपत्र नवीकरण गरिनुपर्ने माग पनि सङ्घको छ ।

होटल तथा पर्यटन क्षेत्रलाई पनि कृषि क्षेत्र सरह सहुलियत कर्जा उपलब्ध गराइ होटल क्षेत्रको मु.अ.कर कम गरिनुपर्ने, होटल तथा पर्यटन उद्योगको वित्तीय अवस्था हालसम्म सहज भइनसकेको हुनाले विसं २०८१ असार मसान्तसम्मको पाक्ने ब्याज छुट्टै हिसाब राखी हर्जना र पेनाल्टी ब्याज नलाग्ने व्यवस्था गरिनुपर्ने र होटलको लागि आवश्यक थप कर्जा न्यून ब्याजदरमा प्रवाह गरिनुपर्ने तथा कर्जा प्रक्रिया शुल्क सहुलियतपूर्ण गरिनुपर्ने विषय पनि राखिएका छन् ।

होटल उद्योगलाई पनि निर्यात व्यवसायीले पाएको क्यास ब्याक इन्सेन्टिभको व्यवस्था गरिदिनुपर्ने बुँदा पनि उल्लेख गरिएको छ । सहुलियत कर्जाको सीमा वृद्धि गरिनुपर्ने तथा यसरी प्राप्त गरिनुपर्ने सेवा सुविधा कतिपय होटलले प्राप्त गर्न नसकेको र कार्यान्वयन हुन नसकेको हुँदा सहजीकरण गर्दै कार्यान्वयन भए नभएको अनुगमन कार्यका लागि निजी क्षेत्र सम्मिलित अनुगमन समिति गठन गरिनुपर्ने माग सङ्कको छ ।


होटलमार्फत विदेशी एजेन्टलाई डलरमा कमिशन भुक्तानी गर्दा भुक्तानीको सीमा बढाइनुपर्ने साथै प्रक्रिया झन्झटिलो रहेको हुँदा होटलले तोकेको व्यक्तिको नाममा डलरको प्रिपेड कार्ड उपलब्ध गराई सहजीकरण गर्न पनि सङ्घले आग्रह गरेको छ ।

अन्तर्राष्ट्रिय पर्यटकद्वारा अधिकांश भुक्तानी एवं कारोबार क्रेडिट कार्डमार्फत हुने भएकाले क्रेडिट कार्डको प्रयोगमा बैंकले लिँदै आएको ३ प्रतिशत सेवा शुल्क धेरै महँगो भएकाले यसलाई घटाइ बढीमा १ प्रतिशत कायम गरिनुपर्ने सुझाव पनि सङ्घले दिएको छ ।

ध्यानाकर्षण पत्र बुझ्दै पोखरा कार्यालयकी निर्देशक जोशीले व्यवसायीका मागहरुप्रति आफू सकारात्मक रहेको भन्दै ती मागलाई यथाशीघ्र केन्द्रीय कार्यालयलाई उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभयो छ । रासस

# विद्यार्थीको फूलखेतीले जिल्ला आत्मनिर्भर बन्दै

कटारी । उदयपुर कटारी नगरपालिका-४ स्थित त्रिवेणी माविका विद्यार्थीले सयपत्री फूलखेती गरेका छन् । बर्सेनि तिहारका समयमा हुने फूलको अभावलाई अन्त्य गर्ने उद्देश्यले विद्यार्थीले जिल्लाको दुई स्थानमा सयपत्री फूलखेती गरेका हुन् । कृषि प्राविधिक धारतर्फका विद्यार्थीले कटारी तथा सदरमुकाम क्षेत्रका लागि विद्यालय परिसर र त्रियुगा नगरपालिकाको बोक्सेमा फूलखेती गरेका हुन् ।



कटारी क्षेत्रका लागि विद्यार्थीले विद्यालय परिसरको पाँच कठ्ठा जग्गामा सयपत्री लगाइएको विद्यार्थी राजु ठाकुरले बताउनुभयो । उहाँका अनुसार कक्षा १२ को परीक्षापश्चात् गरिने प्रयोगात्मक परीक्षणका लागि फूलखेती गर्नुपर्ने भएपछि जिल्लाको दुई स्थानमा सयपत्री लगाइएको हो । विवश लामिछानेसहित १० विद्यार्थीको समूह बनाएर खेती गरिएको विद्यालयका प्रधानाध्यापक बालकृष्ण कार्कीले बताउनुभयो । “बोक्सेमा एक बिघा जग्गा लिजमा लिएर व्यावसायिक फूलखेती गरिरहेका छन्”, उहाँले भन्नुभयो, “विद्यार्थीहरू व्यावसायिकरूपमा नै फूलखेतीमा लागेका हुन् ।”

प्रधानाध्यापक कार्कीका अनुसार यसपटक कटारी र गाईघाट गरी दुई स्थानमा भइरहेको फूलखेतीमा विद्यालयले रू तीन लाख लगानी गरेको छ । विद्यार्थीले व्यावसायिक फूलखेती गरेको यो तेस्रो वर्ष हो । “गत वर्ष भएको नाफाका कारण विद्यार्थीले खेती बढाएका छन्”, उहाँले भन्नुभयो, “बजारमा सबै उत्पादन लैजान सकिन्छ कि सकिँदैन भन्ने चाहिँ चिन्ताको विषय हो ।”

“गत वर्ष कटारीको फूल अभाव विद्यार्थीबाटै अन्त्य भयो”, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मणिराज दाहालले भन्नुभयो, “यस वर्ष जिल्लालाई नै सयपत्रीमा आत्मनिर्भर बनाउन सदरमुकाममा फूल उत्पादन भइरहेको छ ।” सिक्दै कमाउँदै कार्यक्रमअन्तर्गत विद्यार्थीले फूलखेतीका साथै व्यावसायिक च्याउखेती पनि गरिरहेको उहाँले जानकारी दिनुभयो ।

यसअघि जिल्लामा सयपत्री अभावका कारण तिहारमा कागज, प्लाष्टिकको माला लगाउनुपर्ने बाध्यता भएपछि विद्यार्थीले फूलखेती सुरु गरेको विद्यार्थी विनोद कार्कीले बताउनुभयो । यसअघि थोरै खेती गर्दा तिहारमा मात्रै रू एक लाख हाराहारीमा नाफा कमाएका उहाँको बताउनुभयो । उहाँका अनुसार यस वर्ष खेतीको क्षेत्रफल बढाएकाले आम्दानी पनि बढ्ने अनुमान गरिएको छ । रासस

# तराईबाट २३ हजार लिटर दूध खरिद

मकवानपुर । हेटौँडा दुग्ध वितरण आयोजनाले अहिले दैनिक २३ हजार लिटर दूध तराईबाट सङ्कलन गर्दै आएको छ । सङ्कलितमध्ये आवश्यकता अनुसार काठमाडौँ, विराटनगर र चितवनमा दैनिक १६ हजार पाँच सय लिटर धुलो दूध उत्पादनका लागि पठाउने गरिएको आयोजना कार्यालयले जनाएको छ ।

साथै दैनिक वीरगन्ज, चितवनको नारायणगढ र हेटौँडाको स्थानीय उपभोक्तालाई करिब छ हजार पाँच सय लिटर दूध सुपथ मूल्यमा बिक्री वितरण गर्दै आएको आयोजनाका प्रमुख नवीनकिशोर शर्माले राससलाई बताउनुभयो । अहिले मधेस प्रदेशको बारा, सर्लाही, रौतहट र पर्सा तथा बागमतीको मकवानपुरका गरी दुई सय दूध उत्पादन सहकारी संस्थाबाट २३ हजार लिटर दूध खरिद गर्ने गरिएको उहाँले जानकारी दिनुभयो ।


तराईका चार र मकवानपुरका गरी नौ हजार तीन सय ७५ कृषकबाट दैनिक दूध खरिद गरेबापत मासिकरूपमा रू तीन करोड उपलब्ध गराउँदै आएको प्रमुख शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँबाट उत्पादित पेडा र लालमोन दैनिक एक सय ६० कार्टुन काठमाडौँका उपभोक्ताको मागबमोजिम पठाउने गरिएको छ । आयोजनाले दैनिक पासराइट गरेको दूध चार हजार लिटर, दही सात सय लिटर, घिउ सात सय लिटर र पनिर एक सय ४० केजी उत्पादन गर्दै आएको छ ।

सुक्खा मौसमको समयमा तराईबाट दैनिक आठदेखि नौ हजार लिटरसम्म दूध खरिद गर्न सकिने शर्माको भनाइ थियो । आयोजनाले आफ्नो लगानीमा सर्लाही, रौतहट र बारामा छ वटा किसान केन्द्र सञ्चालनमा ल्याएको आयोजनाका सूचना अधिकारी कृष्णबहादुर श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार आयोजनामा प्रशासन व्यवस्थापन र मजदुर गरी एक सय १० जनाले प्रत्यक्ष रोजगारीले पाएका छन् ।

“तराईमा अहिले दूधको उत्पादन वृद्धि भइरहेकाले यसअघि भारतको पटनाबाट काठमाडौँका उपभोक्तालाई दूध आपूर्ति गर्ने गरिएको थियो”, आयोजना प्रमुख शर्माले भननुभयो, “केही महिनादेखि त्यो बन्द गरिएको छ ।” रासस

# युट्युबबाट सिकेर च्याउ खेती

गोरखा । गोरखाका एक परिवारले व्यावसायिकरूपमा सिताके च्याउखेती गरेर वार्षिक रू आठ लाख आम्दानी गर्दै आएका छन् । गोरखा नगरपालिका-५ ठूलोरिपकी सानुमाया थापामगरको परिवारले सात वर्षदेखि व्यवसायिक च्याउखेती गरेर जीविकोपार्जन गरिरहेको छ ।



“पहिला त आफैँले खानका लागि भनेर सुरु गरेका थियौँ । त्यसैलाई बढाएर अहिले व्यावसायिकरूपमा खेती गरिरहेका छौँ”, सानुमायाले भन्नुभयो, “अहिले यही पेसाबाट पूरै परिवारको पालनपोषण र शिक्षादीक्षासमेत सजिलै चलेको छ।” उत्पादन गरेका च्याउ बजारमा सहज बिक्री हुने गरेको उहाँको भनाइ छ । राम्रो उत्पादन भएको वर्ष च्याउ खेतीबाटै वार्षिक रू सात-आठ लाखभन्दा बढी आम्दानी हुने गरेको उहाँले जानकारी दिनुभयो ।

बजारमा राम्रो मूल्यमा बिक्री हुने सिताके च्याउको व्यावसायिक खेतीबाट परिवारका २२ जनाको जीविकोपार्जन भइरहेको सानुमालेले बताउनुभयो । “विसं २०७२ माघदेखि च्याउ खेती गर्न सुरु गरेका हौँ ।

अहिले करिब साढे सात वर्ष हुनै लाग्यो”, उहाँले भन्नुभयो, “सिताके च्याउ खेतीबाट सिजनका बेला दैनिक रू पाँच हजारसम्म आम्दानी हुने गरेको छ । राम्रो उम्रेको बेला एकैदिनमा १०-१२ किलोसम्म उत्पादन हुन्छ ।”

सानुमायाले बजारमा माग बढी भएकाले पुऱ्याउन नसकिएको बताउनुभयो । अहिले बजारमा प्रतिकिलो रू पाँच सयसम्म सिताके च्याउ बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो ।

उत्पादन भएका च्याउ बजारभन्दा पनि वरपर र छरछिमेकलाई बिक्री गर्दैमा सकिने भएकाले मुख्य बजारमा पुऱ्याउन अझै नपाएको कृषक थापामगरको भनाइ छ । “विशेषगरी मङ्सिरदेखि चैतसम्म राम्रो उत्पादन हुने गर्छ”, उहाँले भन्नुभयो, “वर्षभरिमा चार महिना राम्रो कमाइ हुन्छ ।” थापामगरको परिवारले दुईवटा प्लास्टिकको घर निर्माण गरेर खेती गर्दै आउनुभएको छ ।

मुटुरोगीलाई फाइदा पुग्ने भन्ने सुनेपछि सुरुमा आफैँले किनेर खाने गरेको र विस्तारै परिवारका लागि सुरु गरिएको खेती अहिले व्यावसायिक बनेको थापामगरले बताउनुभयो । “पकाएर खाँदा अरु च्याउभन्दा स्वादिलो र मीठो भएपछि आफैँले खेती गर्ने सोच बनायौँ”, उहाँले भन्नुभयो, थोरै लगानीमा सुरु गरिएकामा अहिले राम्रो आम्दानी दिएको छ ।”

“राम्रोसँग तालिम पनि अहिलेसम्म लिन पाएका छैनौँ”, थापामगरले भन्नुभयो, “श्रीमान्‌ले युट्युब हेर्नुहुन्छ । त्यही हेरेर खेती गर्न सिक्छौँ र त्यसैका आधारमा काम गर्छौं ।” सुरुमा काठको मुढामा प्वाल पारेर बीउ रोपेपछि करिब छ महिनापछि त्यसले उत्पादन दिन सुरु गर्ने उहाँको भनाइ छ । एकपटक रोपेको बीउले निरन्तर पाँच वर्षसम्म उत्पादन दिने उहाँले बताउनुभयो । रासस

# भारतमा मजदुरी गर्नेहरु भन्छन्, ‘दसैँमा घर गए गुजारा कसरी गर्नु ?’

नैनीताल (भारत) । कालीकोटको खिना घर भएका दानसिंह विक दसैँको मुखमा भारतको उत्तराखण्ड राज्यको पर्यटकीय नगरी नैनीतालमा भारी बोग्दै गरेको अवस्थामा भेटिनुभयो । उहाँ नैनीतालमा यसरी बोक्न थालेको १८ वर्ष भयो । विक साँझ बिहान नैनीतालस्थित एउटा होटलको नर्सरीमा काम गर्नुहुन्छ । यसबाहेकको बाँकी समय भारी बोक्नुहुन्छ । “भारी बोकेरै घरको खर्च धानेको छु, यो नगरे घरमा सबै ठप्प हुन्छ”, ४७ वर्षीय विकले भन्नुभयो । उहाँ केही दिनअघि मात्रै कालिकोट गएर नैनीताल काममा फर्किनु भएको हो । “घरमा छोरो बिरामी भएको खबर आयो, उपचारका लागि खर्च लगेर गए, अब घर ढिलै जान्छु, दसैँमा गइन्न ।”



नैनीतालमा मजदुरी गरेर विकले मासिक रु ३० हजारसम्म कमाउनुहुन्छ । “स्वदेशमै काम पाएको भए विदेश आउन मन थिएन, काम पाइहाले पनि उचित ज्याला पाइँदैन”, उहाँले भन्नुभयो-““यहाँ दुखः गरे अनुसारको पारिश्रमिक पाइन्छ ।”

नैनीताललाई सुन्दर बनाउन धेरै नेपाली मजदुरको मेहेनत छ । नैनीतालको तल्ली र मल्ली ताल क्षेत्रमा सयौँ नेपाली मजदुर दिनरात भारी बोक्दै गरेको अवस्थामा भेटिन्छन् । कोही होटल त कतिपय स्थानीय साहुमहाजनको घरमा काम गरेर जीविका चलाउँदै आएका छन् । पछिल्लो समय सडक पेटीमा पसल सञ्चालन गर्ने नेपालीको सङ्ख्या बढ्दै गएको छ । नेपालीहरुको सबैभन्दा ठूलो चाड दसैँको मुखमा समेत मजदुरी गर्नेको सङ्ख्या उत्तिक्कै छ । “दसैँमा घर परिवारसित बसेर पर्व मनाउने इच्छा कसको हुन्न र ?” कैलालीको घोडाघोडी नगरपालिका-२ का १८ वर्षीय रमेश रावतले भन्नुभयो, “दसैँमा घर गए बाँकी समय गुजारा कसरी गर्नु ?” नैनीतालकै कमाइले घर परिवारको खर्च चलाएको उहाँको भनाइ छ ।

राजनीतिक परिवर्तन भएपनि स्वदेशमै रोजगारीका सम्भावना नदेखिनु दुःखद् भएको रावतको भनाइ छ । उहाँ कक्षा १२ कक्षाको परीक्षा दिएर मजदुरी गर्न नैनीताल आउनुभएको हो । रावतका बुबा पनि यतै मजदुरी गर्नुहुन्छ । बुबाको साथले उहाँलाई मदजुरी गर्न सहज भएको छ । “घरको परिस्थितिका कारण बुवासित यहाँ आए, धेरैभन्दा धेरै भारी बोकेर खर्चको जोहो गर्नु हाम्रो नियति नै बनिसक्यो”, रावतले भन्नुभयो ।

दसैं तिहारमा कतिपय नेपाली घर जाँदा सो समयमा भारी बोक्ने काम बढी पाइने आशामा रावत बाबु-छोरा यसपाली नैनीतालमा बसेका छन् । यहाँ नेपाली मजदुर घरघरमा गएर तरकारी बेच्ने तथा होटलमा भाँडावर्तन सफा गर्ने काममा बढीजसो खटिने गरेका छन् । चारैतिर पहाड अनी बीचमा आकर्षक नैनीताल अवस्थित छ । कोरोना महामारीमा सुनसान बनेको नैनीतालमा पछिल्लो समय पर्यटकीय गतिविधि बढ्दै गएको छ । योसँगै नेपालीले पनि काम गर्ने अवसर पाएका छन् । नैनीताल, खुर्पा ताल, भीमताललगायत क्षेत्रमा झण्डै पाँच सयको हाराहारीमा नेपाली कार्यरत छन् । नैनीताल क्षेत्रमा सिमेन्ट, छड, तरकारी, ग्यास सिलिण्डरलगायत अन्य घरायसी सामान ढुवानी गर्नमा उनीहरु दिनरात व्यस्त देखिन्छन् । दुरी तथा तौलका हिसाबले उनीहरुलाई पारिश्रमिक दिइन्छ । “नेपाली नागरिक इमान्दार भएर लामो समयदेखि काम गर्दैआएका छन्”, नैनीतालका एक होटल व्यवसायीले भन्नुभयो, “होटलमा तरकारी बोक्नेदेखि घर घरमा ग्यास पुऱ्याउने काममा नेपालीको ठूलो साथ र सहयोग छ ।”

बझाङ्को तलकोटका नवराज विष्ट दसैँका लागि घरमा सरसामान पठाए पनि आफू भने नजाने मनस्थितीमा हुनुहुन्छ । उहाँले भारी बोक्न थालेको झण्डै डेढ दशक भयो । होटलमा तरकारीको भारी बिसाउँदै गरेका विष्टले भन्नुभयो- “यहाँको कमाइले घरखर्च चलाउन सहज भएको छ ।” परिवारको पालनपोषण नैनीतालको भारी बोकाइले चल्दै आएकाले चाडपर्वको खासै महत्व नहुने उहाँ बताउनुहुन्छ । “ताकत हुँदासम्म भारी बोक्ने हो, त्यसपछि घर जानु त छँदै छ”, विष्टले भन्नुभयो ।रासस

# सामुदायिक वनमा बाघको अवस्था बुझ्न क्यामेरा ट्र्यापिङ सुरु



चितवन । चितवन राष्ट्रिय निकुञ्जले माडी क्षेत्रमा पर्ने सामुदायिक वनहरूमा बाघको अवस्था बुझ्न क्यामेरा ट्र्यापिङ सुरु गरेको छ । निकुञ्जको आयोजना र तराई भूपरिधि कार्यक्रम (ताल)को सहयोगमा बिहीबारदेखि माडी र ठोरीको मध्यवर्ती सामुदायिक वन क्षेत्रमा बाघको इकोलोजिकल मोनिटरिङ गर्न क्यामेरा ट्र्यापिुङ गरिएको हो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार आगामी कात्तिक २५ गतेसम्म क्यामेरा ट्र्यापिङको विधिबाट बाघको अवस्थाबारे जानकारी लिइने छ । माडीको सोमेश्वर क्षेत्रबाट क्यामेरा ट्र्यापिङको काम सुरु गरिएको छ । यसका लागि ६२ वटा क्यामेरा दुई वर्गकिलोमिटरको फरकमा जडान गरिएको छ । तीनवटा ब्लकमा विभाजन गरी क्यामेरा ट्र्यापिङको काम गर्न लागिएको हो । एउटा ब्लकमा १७ देखि २१ वटा ग्रिड निर्माण गरी क्यामरा जडान गरिने छ । एउटा ग्रिडमा एक जोडी क्यामेरा जडान गरिने उहाँले बताउनुभयो । बाघको सम्भावित क्षेत्रको अध्ययन गरी ग्रिड निर्माण गरिने छ । ‘टाइगर इकोलोजिकल मोनिटरिङ अफ सोमेश्वर हिल’ कार्यक्रमअन्तर्गत बाघको बासस्थान र अवस्थाबारे अध्ययन गर्न लागिएको हो ।रासस

# चोरी सिकारी नियन्त्रणका लागि उच्च सतर्कता

चितवन । चाडपर्व नजिकिँदै गर्दा वन्यजन्तुको चोरी सिकारी र वन पैदावार चोरी निकासी हुनसक्ने भन्दै चितवन राष्ट्रिय निकुञ्जले उच्च सतर्कता बढाएको छ । चाडपर्वको समयमा मानिसको आवातजावत बढ्ने हुँदा सोही मौका छोपी चोरी-सिकारी सक्रिय हुनसक्ने भएकाले उच्च सतर्कता अपनाइएको हो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार चोरी सिकारी हुनसक्ने सम्भावित क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ । कानुनविपरीत हुनसक्ने गतिविधि नियन्त्रण गर्न निकुञ्जमा रहेका ६७ वटा सुरक्षा पोष्टमा उच्च सतर्कताका साथ थप सक्रियता बढाउन निर्देशन गरिएको उहाँले जानकारी दिनुभयो ।

सेना र निकुञ्जका पोष्टसँगै निकुञ्ज आसपासमा बासोबास गर्ने समुदायलाई समेत चनाखो हुन आग्रह गरिएको सूचना अधिकारी तिवारीले बताउनुभयो । उहाँले भन्नुभयो, “वन क्षेत्रमा आपराधिक गतिविधि भएका घटना सबैभन्दा पहिला समुदायमा जानकारी हुने भएकाले चनाखो भएर सहयोग गर्न आग्रह गरेका छौँ ।”रासस

# उखुको अनुदान रकम अन्योलमा

**टुडे समाचारदाता**

सर्लाही । उखुको अनुदान रकम हालसम्म अर्थमन्त्रालयले जिल्लामा नपठाउँदा सर्लाहीका किसान निराश देखिएका छन् ।

गत वर्ष नै चिनी उद्योगलाई बिक्री गरेको उखुको अनुदान रकम हालसम्म किसानहरुले पाउन सकेका छैनन् । सरकारले गएको वर्ष क्रसिङ सिजन २०७९/८० मा उखुको मूल्य प्रतिक्विन्टल ६१० रुपियाँ निर्धारण गरेकोमा त्यसमध्ये चिनी उद्योगले ५४० रुपैयाँ भुक्तानी गर्ने र बाँकी ७० रुपियाँ सरकारले अनुदानबापत उपलब्ध गराउने जनाएको थियो ।



उखु बिक्री गरेको सात महिना भइसक्दा पनि उखु किसानलाई सरकारले अनुदान रकम नपठाएकोले किसानहरु निराश बनेका छन् ।

उखु कृषकहरुले चाडपर्वका बेला अनुदान रकम नदिएर सरकारले आफूहरुमाथि अन्याय गरेको गुनासो गरेका छन् । उद्योगले बेलैमा रकम भुक्तानी नगर्दा सरकारसँग हारगुहार गर्दै आन्दोलनमा उत्रने आफूहरू सरकारले नै अनुदान रकम नदिँदा निरीह भइ बस्नु परेको कृषकहरुको भनाइ छ ।

गत वर्ष सर्लाहीका तीन चिनी उद्योगमध्ये इन्दुशङ्कर चिनी उद्योग हरिवनले १० हजार ६७८ किसानको २८ लाख २० हजार ५७०.१५ क्विन्टल, महालक्ष्मी चिनी उद्योग बगदहले १७ हजार ३० किसानको १० लाख ९५ हजार ८९२.९८ क्विन्टल र अन्नपूर्ण चिनी उद्योग धनकौलले एक हजार ३७८ किसानको दुई लाख ६२ हजार ८६१.८६ क्विन्टल उखु क्रसिङ गरेका थिए । यी तीन उद्योगले क्रसिङ गरेको कुल ४१ लाख ७९ हजार ३२४.९९ क्विन्टल उखुको ७० रुपैयाँका दरले २९ करोड २५ लाख ५२ हजार ७४९ रुपैयाँ ०३ पैसा निकासा हुनुपर्ने देखिएको छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) सर्लाहीका कोष नियन्त्रक पुरुषोत्तम बरालले अहिलेसम्म अर्थ मन्त्रालयबाट उखुको अनुदान रकम प्राप्त नभएको जनाएका छन् । उनले कार्यालयलाई रकम प्राप्त भएपछि करिब दुई साता आन्तरिक तयारी गरेपछि मात्र किसानको खातामा रकम पठाइने बताए ।

उखु उत्पादक महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले पटक पटक मन्त्रालयमै पुगेर ताकेता गर्दा पनि सरकारले जिल्लामा अनुदान रकम पठाउन आलटाल गर्दै आइरहेको बताए ।

# प्रधानमन्त्रीसंग अध्यक्ष अग्रवालको भेटघाट

**टुडे समाचारदात**

वीरगञ्ज । वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल कुमार अग्रवालले प्रधानमन्त्री



पुष्पकमल दाहालसँग भेटघाट गरेका छन् ।

भेटघाटका क्रममा अध्यक्ष अग्रवालले व्यवसायीहरुले भोगिरहेको समस्याका बारेमा ध्यानाकर्षण गराए । उनले हाल वीरगञ्जलगायत पर्सा बारा क्षेत्रका उद्योग व्यापारमा आएको समस्या र व्यवसायीक कठिनाईहरुका बारेमा प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराएका छन् ।

अध्यक्ष अग्रवालले उद्योग व्यवसायको प्रवर्द्धन र विकासका लागि नियमनकारी निकायहरु कर, भन्सार, राजस्व, प्रहरीका अवरोधक हाल स्थगित गरी उद्योगी व्यवसायहरुको मनोबललाई उच्च बनाएर अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउनुपर्ने आवश्यकता माथि जोडदिँदै अहिलेको समयमा राजस्व संकलनमा आएको कमीप्रति नेपाली निजी क्षेत्र पनि चिन्तित रहेको जानकारी प्रधानमन्त्री दाहाललाई दिए ।

उनले राजस्व संकलन वृद्धि गर्न भन्सार मूल्यांकनलाई पारदर्शी बनाउने, सन्दर्भ पुस्तिकालाई व्यवस्थित र वैज्ञानिक बनाउने जस्ता काम गर्न सके आयात र निर्यातको सन्तुलन सँगसँगै स्थानीय व्यापार र राष्ट्रिय अर्थतन्त्र चलायमानमा ठूलो सहयोग पुग्ने बताए ।

भेटघाट कार्यक्रममा मधेश प्रदेशका उद्योग वाणिज्य तथा पर्यटन राज्यमन्त्री रहबर अंसारी, वीरगञ्ज उद्योग वाणिज्य सङ्घका प्रशासकीय अधिकृत मनोज उपाध्यायको सहभागिता रहेको थियो ।

# संघीयतासंग खेलांची गर्दै राजनीतिक दलहरु

ब्लग :



श्यामसुन्दर शशि

ठूला राजनीतिक दलहरुकालागि संघीयता 'अन वान्टेड बेबी' अर्थात् जन्माउँन नचाहेको बच्चा रहेको टिप्पणी हुँदै आएको अवस्थामा कोशी प्रदेशले यस टिप्पणीलाई सत्य प्रमाणित गर्दैछ । जन्माउँन नचाहँदा चाहँदै कथंकदाचित बच्चा जन्मिए छ भने यस्तो बच्चालाई घांटी निमोटेर मार्न सकिन्न । लोकलाज, कानुनी झमेला तथा सामाजिक प्रतिष्ठाकै लागि भए पनि नवजात शिशुको हत्या गर्न कठिन हुन्छ तर त्यहि बालक उचित स्याहारको अभावमा, औषधी उपचारको अभावमा वा भवितव्यले मरेछ भने आमाबुवालाई भन्न सजिलो हुन्छ - 'जति सुकै स्याहार गरे पनि बचाउँन सकिएन । मेरो प्यारो ......बितेछ ।' कृत्रिम आँसु झारेर जगलाई पत्याउन सकिन्छ ।

हो, संघीयता, धर्मनिरपेक्षता तथा समानुपातिकता समावेशिताको रट लगाउने राजनीतिक दलका नेताहरु अचेल कोशीमा यस्तै नाटक मञ्चन गर्दैछन् । संघीयताको दोहाई दिँदै संघीयता सिध्याउने खेलमा लागेका छन् । प्रदेश सभाको निर्वाचनमा कोशीका मतदाताले अलि अप्ठ्यारो जनादेश दिएको सत्य हो । मतदाताले कुनै दल वा गठबन्धनलाई प्रष्ट बहुमत दिएनन् । तर जनमतसंग खेलांची गर्दै ठूला राजनीतिक दलहरुले सत्ता आरोहणको लागि अप्राकृतिक गठबन्धन गरे । नेपाली कांग्रेस नेतृत्वको गठबन्धनबाट चुनाव लडेका प्रचण्ड एमालेसंग केन्द्र र कोशीसंगै अन्य पाँच प्रदेशमा सरकार बनाए । चुनाव ताका एमालेसंग पनि वारपारको स्थितिमा पुगेका माओवादी कार्यकर्ताहरु एमालेसंग हातेमालो गर्न बाध्य भए । एमाले नेता हिक्मत कार्कीको नेतृत्वमा माओवादी सम्मिलित सरकार पनि बन्यो । तर संघीय सत्ता समीकरणमा आएको परिवर्तनसंगै कोशी प्रदेशको समीकरण पनि परिवर्तन भयो । कांग्रेस नेता उद्धव थापाको नेतृत्वमा माओवादी, एकीकृत समाजवादी र जनता समाजवादी सहितको सरकार बन्यो । यस बीचमा कांग्रेसका उद्धव र एमालेका हिक्मत दुई दुई पटक मुख्यमन्त्री भइसकेका छन् ।

नेपालको संविधान २०७२ को धारा १६८ को १ देखि ४ उपधारा असफल भएपछि अहिले प्रदेश प्रमुख परशुराम खापुंग संविधानको धारा १६८ को उपधारा ५ अनुसार सरकार बनाउन आधार सहितको दाबी पेश गर्न निर्देशन दिएका छन् । शुक्रबार अपरान्ह ५ वजेसम्मको समयसीमा दिइए पनि ६ वजेसम्म प्रदेश प्रमुख खापुंग कुनै निर्णयमा पुग्न सक्नु भएको छैन जबकि एमालेका ३९ र नेपाली कांग्रेसबाट बिद्रोह गरेका ८ जना गरी ४७ ( बहुमत) प्रदेश सांसदलाई साथ लिएर नेपाली कांग्रेसका केदार कार्की प्रदेश प्रमुखको कार्यालय पुगेका थिए ।

कोशीलाई यसअघि नै संघीयता सिध्याउने थलोका रुपमा प्रयोग गरिँदै आएको छ । प्रदेशको नामकरण र त्यस विरुद्ध उठेको आन्दोलनलाई नजरअन्दाज गरेर तथा सरकार गठनका विषयमा कहिले सभामुखलाई मतदान गर्न लगाएर त कहिले उपसभामुखलाई विरामी विदामा बसाएर दलहरुले असंवैधानिक अभ्यास गर्दै आएका छन् । जसले आमजनतामा संघीयताप्रति वितृष्णा जगाउने काम गरेकै छ ।

कोशीका कांग्रेस संसदीयदलका नेता उद्धव थापाले दुई-दुई पटक असंवैधानिक कदम चाले । परिणाम स्वरुप सर्वोच्च अदालतको परमादेशबाट एमालेले ठूलो दलको हैसियतमा सरकारको नेतृत्व गर्ने अवसर पायो । तर, प्रदेशसभामा बहुमत नरहेका कारण एमाले नेतृत्वको सरकार ३० दिनभन्दा बढी टिक्न सकेन । अचेल उपधारा ५ आकर्षित भएको छ ।

अघि पनि भनि सकिएको छ । कोशी प्रदेश सभाको अंकगणित निकै तरल छ । प्रदेश संरचना नै नचाहिने मान्यता बोकेको राप्रपाले यही तरल राजनीतिक समीकरणमा स्वार्थको राजनीतिलाई स्वाभाविक रुपमा बढावा दिँदै छ भने कांग्रेस भित्रको अन्तरकलहले संघीयताको मर्म माथि नै प्रहार गरेको छ । कोशी प्रदेशको राजनीतिलाई न सत्तारुढ गठबन्धनले समयमै गम्भीरतापूर्वक लिए न त प्रतिपक्षले नै । दुबै पक्षले सरकार बनाउने हतियारको रुपमा प्रयोग गरे । सत्तागठबन्धनमा रहेको कांग्रेस दुई दुई पटक मुख्यमन्त्री पाएर पनि बहुमत साबित गर्न सकेन । माओवादीले यसलाई अवसरको




रुपमा लियो अनि संसदीयदलका नेता इन्द्र आंगवोलाई मुख्यमन्त्रीको रुपमा अघि सारेको छ ।

कांग्रसभित्रको बिद्रोहले कोशीमा मुख्यमन्त्रीकालागि दुई पक्षबाट दाबी पेस भएको छ । यी मध्ये कसलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्छन् भन्ने प्रस्ट भइसकेको छैन । तर, जो मुख्यमन्त्री भए पनि दलीय र गुटगत स्वार्थको नजरले मात्र राजनीतिक गतिविधिलाई बढावा दिने हो भने यसले सिङ्गो व्यवस्था माथि नै चुनौती थप्दै जाने पक्का हो ।

९३ सदस्यीय कोशी प्रदेशसमा एमालेका ४०, कांग्रेसका २९, माओवादी केन्द्रका १३, राप्रपाका ६, नेकपा एकीकृत समाजवादीका ४ र जसपाका १ सांसद छन् । ४० सदस्यीय एमालेमा कांग्रेसबाट बिद्रोह गरेका ८ जना थपिएमा कांग्रेसकै नेतृत्वमा भए पनि एमालेको कोशीको सत्तामा पुनरागमन हुने छ ।

# पुजनोत्सव कार्यक्रम सार्वजनिक




**टुडे समाचारदाता**

जनकपुरधाम । राजदेवी मन्दिरको विजयादशमी पुजनोत्सव कार्यक्रम सार्वजनिक गरिएको छ ।

महावीर युवा कमिटिद्वारा विजयादशमीमा गरिने पुजनोत्सवको दस दिनको कार्यक्रम शुक्रबार सार्वजनिक गरिएको छ । कमिटिका अध्यक्ष अजय गुप्ताले घटस्थापना देखि रावणवद्ध सम्मको कार्यक्रम सार्वजनिक गरेका छन् ।

असोज २८ गत्ते घटस्थापना पूजा रहेको छ भने कार्तिक ४ गते बिहान बेलतोरी कार्यक्रम र साँझ साढे ६ बजे भव्य श्रृगार एवम महाआरती कार्यक्रम हुने जनाइएको छ ।

त्यसैगरि कार्तिक ५ गते महाष्टमीमा सन्ध्या सातबजे देखि बली प्रदान कार्यक्रम रहेको छ । त्यस्तै कमिटिले कार्तिक ७ गते मंगलबार मर्यादा पुरुषोत्तम भगवान श्रीरामचन्द्रको दिउँसो १ बजे भव्य विजय जुलुस मनाउने छ भने साँझ ६ बजे धनुष सागरको डिलमा रावण वधको कार्यक्रम तय गरिएको अध्यक्ष गुप्ताले जानकारी दिए ।

त्यसैगरि सोहि राति संध्या सातबजे नौ कन्याको भोजन र राति आठ बजे राजदेवी माता मन्दिर परिसरमा महाप्रसाद वितरण गरिने लगायतको कार्यक्रम रहेको छ ।

यस पटक बोका बली प्रदानका लागि रसिद शुल्क गत वर्षकै (रु २००) रहेको अध्यक्ष गुप्ताले जनाएका छन् । यस वर्ष फोहर संयोजनका निमित जनकपुरधाम उपमहानगरपालिकासंग संयोजन गरिएको र बली प्रदान गर्नेहरु जनकपुरधामउपमहानगरपालिकाले सेमी प्लास्टिकका बोरा प्रदान गर्ने जनाइएको छ ।

सुरक्षा व्यवस्थालाई मध्येनजर गर्दै मन्दिर परिसर र वरिपरि ३२ वटा सिसि क्यामरा जडान गरिएको उनले बताए । अध्यक्ष गुप्ताले सकेसम्म महँगो गरगहनालगायतका सरसामान लिएर मन्दिर नआउन सबै श्रद्धालुसंग आग्रह गरे ।

# डिपीआर तयार पार्ने सहमति

**टुडे समाचारदाता**

काठमाण्डु । सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) ३० महिनाभित्र तयार पार्ने नेपाल र भारतबीच सहमति भएको छ । सो क्रममा आयोजनाको भौगर्भिक अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन र पुनर्वास तथा पुनः स्थापन अध्ययन, बाढी नियन्त्रणबाट हुने लाभजस्ता विषयको महत्वपूर्ण बाँकी अध्ययनलाई प्राथमिकीकरण गरी प्रतिवेदन तयार गर्ने सहमति भएको छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव एवम् प्रवक्ता नवीनराज सिंहका अनुसार सप्तकोशी उच्च बाँध बहुउद्देशीय आयोजना तथा सुनकोशी स्टोरेज डाईभर्सन आयोजनाको अध्ययन



सम्बन्धमा गठित नेपाल भारत संयुक्त विज्ञ टोलीको बैठक यही असोज २२ देखि २४ सम्म विराटनगरमा सम्पन्न भएको बैठकले सो सहमति गरेको छ ।

उक्त बैठकमा नेपाल सरकारकोतर्फबाट विद्युत विकास विभागका महानिर्देशक चिरञ्जीवी चटौत र भारत सरकारको तर्फबाट केन्द्रीय जल आयोगका नदी प्रबन्धक सदस्य तथा अतिरिक्त सचिव पिएम स्कटले संयुक्त रुपमा बैठकको अध्यक्षता गरेका थिए । सो बैठकमा संयुक्त जलस्रोत समिति (जेसिडब्ल्यु)को नवौं बैठकको निर्देशन बमोजिम आयोजनाबाट तयार गरिएको परिमार्जित आकार प्रकारसम्बन्धी अध्ययनको प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

सप्तकोशी आयोजनाको डुबान क्षेत्र, माथिल्लो तटीय क्षेत्रमा प्रस्तावित सञ्चालित गरिएका आयोजना, सामाजिक तथा वातावरणीय र प्राविधिक पक्षहरुलाई समेत मध्यनजर गरी बाँधको उचाइलाई घटाउने बैठकमा सहमति भएको प्रवक्ता सिंहले जानकारी दिए ।

यस्तै, प्रस्तावित रिनेगुलेटिङ ब्यारेजको विकल्पमा उपयुक्त नयाँ स्थानमा रिजेगुलेटिङ ब्यारेजका साथै नेपाली भू-भागमा सिँचाइसम्बन्धी अध्ययन कार्य जलस्रोत तथा सिँचाइ विभागको सहकार्यमा अगाडि बढाउने सहमति भएको जनाइएको छ ।

# आमाको नामबाट नागरिकता वितरण प्रक्रिया सुरु

**टुडे समाचारदात**

पर्सा । जिल्ला प्रशासन कार्यालय पर्साले बाबुको पहिचान नखुलेका सन्तानको हकमा आमाको नामबाट नागरिकताका वितरणको लागि प्रक्रिया सुरु गरेको छ ।

कार्यालयले बाबुको पहिचान नखुलेका सन्तानहरूलाई नागरिकता प्रदान गर्न असोज २१ गतेदेखि निवेदन सङ्कलन सुरु गरेको छ, जसमा हालसम्म ४० जनाले निवेदन दिएका छन् । आमाको नागरिकतामा पतिको नाम नभएको, सन्तानको शैक्षिक योग्यता, जन्म दर्तालगायत कुनै पनि कागजपत्रमा बाबुको नाम नखुलेको सन्तानहरूको हकमा आमाको नामबाट नागरिकता वितरण प्रक्रिया सुरु गरेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले नयाँ नागरिकता ऐन आएपछि जारी भएको नयाँ नागरिकता नियमावली अनुसार असोज २१ गतेदेखि निवेदन सङ्कलन सुरु गरेको बताएका छन् ।

'बाबुको पहिचान नभएको, अथवा बाबुको पत्ता नलागेको आमा मात्रै भएको सन्तानहरूको हकमा आमाको नागरिकता, वडा कार्यालयको सिफारिस, शैक्षिक योग्यता लगायत करिब १५ देखि १६ प्रकारका कागजातको आधारमा हामीले सूचना प्रकाशन गरेका छौं' पर्साका प्रजिअ रेग्मीले भने 'सो सूचनाका आधारमा आमाको नामबाट नागरिकता माग गर्दै हामी कहाँ यो हप्तासम्म ४० भन्दा बढी निवेदन परेका छन'।

# नगर सरसफाइ अभियान २०८० सुरु

**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीको कबिलासी नगरपालिकाले नगरलाई सफा र स्वच्छ बनाउन नगर सरसफाइ अभियान २०८० सुरु गरेको छ । कात्तिक १८ गतेसम्म संचालन हुने उक्त अभियान शुक्रवारबाट सुरु गरिएको छ ।

दशैं, तिहार र छठ पूजालगायतका चाडपर्वलाई समेत लक्षित गरेर नगरपालिकाले सरसफाइ अभियान अघि सारेको उपमेयर पुनम कर्णले जानकारी दिइन । स्वच्छ र सफा नगर बनाउने उद्देश्यका साथ सुरु गरिएको यो अभियानलाई चाडपर्वको समयमा मात्र सीमित नराखी यसलाई निरन्तर अगाडि बढाउँदै लैजाले



उपमेयर कर्णले बताइन ।

हात हातमा कुचो लिएर सडकमा बढार्न निस्किएका मेयर ब्रम्हदेव रायसहितका जनप्रतिनिधिहरुले स्थानीयबासीहरुलाई जथाभावी रुपमा फोहर नफाल्न समेत आग्रह गरेका थिए ।

नगरपालिका क्षेत्रमा बसोबास गर्ने व्यापारी, सुरक्षाकर्मी, सरकारी तथा गैर सरकारी कार्यालययका कर्मचारी र सर्वसाधारण नागरिकहरु सरसफाइ अभियानमा जुटेका छन् ।

# भारत लैजान लागिएका ५ बालिकाको उद्धार

**टुडे समाचारदाता**

वीरगञ्ज । भारत लैजान लागिएका बाराका पाँच जना बालिकालाई प्रहरीले वीरगञ्जबाट उद्धार गरी परिवारको जिम्मा लगाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेका अनुसार बाराको करैयामाई गाउँपालिका वडा नम्बर-१ बाट सोमबार सम्पर्कविहीन भएका बालिकाहरूलाई वीरगञ्जबाट फेला पारी परिवारको जिम्मा लगाइएको छ ।

गाउँबाट १३ वर्षीया १ जना, १४ वर्षीया २ जना र १६ वर्षीया २ जना गरी ५ बालिका एकैसाथ हराएपछि अभिभावकले प्रहरीमा खबर गरेका थिए ।

एकै पटक पाँच/पाँच जना बालिका हराएको सूचना पाउन साथ खोज तलास गर्न प्रहरी परिचालन गरिएको अवस्थामा प्रहरीले बीरगञ्ज



नाका हुँदै भारतको रक्सौलतर्फ जाने क्रममा वीरगञ्जको आदर्शनगर स्थित रानीसति धर्मशाला नजिकैबाट फेला पारी उद्धार गरेको बाराका प्रहरी उपरीक्षक काफ्लेले बताए ।

बालिकाहरूलाई भारत लैजान लागेका भारतको मोतिहारी जिल्ला, पूर्वी चम्पारण ढाका थाना बिक्रमपुरका १८ वर्षीय कवि कुमार पाललाई प्रहरीले नियन्त्रणमा लिएको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए ।

पक्राउ परेका युवकसँग बालिकाहरूलाई भारतको कुन स्थानमा कसको योजनामा लैजान लागेको भन्नेबारे सोधपुछ भइरहेको र घटनाबारे थप अनुसन्धान अगाडि बढाइएको न्यौपानेले जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८